# खोजतलास

www.khojtalashonline.com

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक १६ ◆ ११ फागुन २०७९, बिहीबार (23 February, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ मूल्य रू २०/-


## ज्ञानेन्द्र किन हौसिए



काठमाडौं । पूर्व राजा ज्ञानेन्द्र शाह निकै हौसिएका छन् । फागुन १ मा पहिलोपटक राजनीतिक मञ्चमा देखिएका पूर्वराजा ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसमा आफू सक्रिय भइसकेको सन्देश दिने गरी वक्तव्य नै निकाले ।

शक्ति राष्ट्रको बढ्दो सक्रियता र राजनीतिक दलहरुबीच सत्ता र पदका लागि खिचातानी बढिरहँदा पूर्वराजाले मौन नबस्ने सन्देश दिनुले तरंग नै ल्याएको छ । यसपटकको प्रजातन्त्र दिवसमा विगतभन्दा फरक खालको वक्तव्य निकाले । उनले दलका नेताहरुबाट देशको सार्वभौमिक परिचयमै आँच आउने गरी कदमहरु चालिएको भन्दै मौन बस्न नसक्ने बताए । देश जोगाउन राजनीतिक दल र राजसंस्थाबीच सहकार्यको प्रस्ताव पनि गरे ज्ञानेन्द्र शाहले । उनको यो प्रस्ताव झापामा एउटा राजनीतिक मञ्चमा सार्वजनिक रुपमा उपस्थित भएको हप्ता

बाँकी सातौं पृष्ठमा

# राष्ट्रपति पद राजनीतिक अस्त्र, को फस्ला को बढ्ला

काठमाडौं । देशमा राष्ट्रपति पद सेरेमोनियल जस्तै छ । तर, यसका लागि ठूलै संघर्ष चल्ने देखिएको छ । जति जति मनोनयन दर्ताको मिति १३ फागुन नजिकिदैछ उति उति सत्ता र विपक्षी दुवै समिकरणमा हलचल बढ्दै गएको छ । कुनैपनि बेला कुनैपनि दलले समिकरण बदल्ने अवस्था छ । सत्ता समिकरणमा उथलपुथल नै हुने संकेत छ ।

दलहरु सत्ता समिकरण बदलिने गरी गतिविधि बढिरहेका छन् । यो पदलाई दलहरुले प्रतिष्ठाको विषय मात्र बनाएका छैनन् राजनीतिक अस्त्र समेत देख्न थालेका छन् । नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रबीच राष्ट्रपतिमा भित्री



सहमतिको चर्चा चलेसँगै नेकपा एमालेमा छटपटाहट देखिइसकेको छ । उसले पनि नयाँ राजनीतिक अस्त्र फालेको छ । काँग्रेससहितको विपक्षी गठबन्धनमा रहेको नेकपा एकीकृत समाजवादी पार्टीलाई पक्षमा पार्न राष्ट्रपतिको कार्ड फालेको छ । एमालेले एसका अध्यक्ष माधवकुमार नेपाललाई राष्ट्रपतिको प्रस्ताव गरेको छ । सोमबार साँझ एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालबीचको भेट राष्ट्रपतिकै विषयमा केन्द्रित थियो । त्यो भेटले नेपाली काँग्रेसलाई अप्ठ्यारोमा पारिदिएको छ । कुनैपनि बेला ओली र नेपालबीच पुनः हातेमालो हुनसक्ने सम्भावना बढाइदिएको छ ।

काँग्रेस माओवादीबाट राष्ट्रपतिमा साथ पाउनेमा ढुक्क भइरहँदा एकाएक माधव नेपाल मैदानमा देखापरेका छन् । एमाले आफूले नपाए आफू अनुकूलको अर्को कुनै उम्मेदवारले पाउन् भन्नेमा छ । यही पदको प्रतिष्पर्धामा आफ्नो राजनीतिक लाभ पनि खोजिरहेको छ । राष्ट्रपति पदका लागि काँग्रेस र एमालेबीच तिव्र प्रतिष्पर्धा चलिरहँदा माओवादी अध्यक्ष प्रचण्डले दूरगामी राजनीतिक लाभ लिन खोजिरहेका छन् । उनी राष्ट्रपति दिएर पाँच वर्ष प्रधानमन्त्री बन्ने गरी लागिपरेका छन् । यसलाई प्रचण्डको रणनीतिक

बाँकी सातौं पृष्ठमा

## नेपाली सेना टर्की र सिरिया भूकम्प उद्धारमा किन गएन ?

काठमाडौं । नेपाली सेना भारतीय सेनाभन्दा अत्यन्तै सानो छ । संयुक्त राष्ट्रसंघको शान्ति स्थापनामा खटिने विश्व सेनामा भने नेपाली सेना भारतीय सेनाभन्दा ठूलो हो । सन् २०२२ को अन्तिमसम्मको शान्ति मिसनमा खटिएका सेनाको आँकडा हेर्दा नेपाल विश्वको दोस्रो ठूलो शान्ति सेना प्रदायक देश हो । भारत नेपालभन्दा एक कदम पछि तेस्रो ठूलो शान्ति मिसनमा खटिएको सेना हो ।




नेपाली सेना अहिले विश्वका १३ देशमा शान्ति स्थापना गर्न खटेको छ । खटिएका देशहरुमा अफ्रिका र एसियाका छन् । शान्ति मिसनमा भारतले भन्दा धेरै सैनिक पठाउन सक्षम नेपाली सेनाले हालसालै सिरिया र टर्कीमा आएको भूकम्पको राहत र उद्धारमा भने कुनै पनि टोली पठाएको छैन । सिरियामा संयुक्त राष्ट्रसंघको यूएनडीओएफमा ४१६ सैनिक खटिएको तथ्यांक नेपाली सेनाकै छ । त्यही सिरियामा गएको भूकम्पको राहत र उद्धारमा नेपाली सेनाको आफ्नै अगुवाइमा कुनै टोली गएन । प्रधानसेनापतिज्यू, नेपाली सेनाले संयुक्त राष्ट्रसंघको ब्यानरमा भन्दा पर गएर विश्वमा राहत र उद्धारमा पुग्ने दक्षता गुमाएको हो ?

आज भेनेजुयला र क्युबा जस्ता देशले किस्ता किस्तामा सिरियामा डाक्टर तथा नर्सहरु पठाएका छन्, उद्धारकर्ता पठाएका छन् । अमेरिकी नाकाबन्दी झेलेका ल्याटिन अमेरिकी देशहरुले यस्तो मानवीय उद्धारमा उपस्थिति देखाउँदा अमेरिका, भारत र चीनसँग संयुक्त अभ्यास गर्न सक्ने सन्तुलित नेपाली सेना किन गयल छ ?

बाँकी सातौं पृष्ठमा

## सत्ता राजनीति उथलपुथलतर्फ

काठमाडौं । राष्ट्रपतिको विषयलाई प्रमुख दलका नेताहरुले राजनीतिक अस्त्र बनाउँदा अन्यौल बढ्दै गएको छ । सत्ता गठबन्धन फुटको नजिक पुगेको छ । त्यसपछि बन्ने घटना र राजनीतिक परिस्थितिबारे आम चासो छ ।

प्रधानमन्त्री समेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमालेलाई कुनै हालतमा राष्ट्रपति नदिने अडान लिएका छन् । यसलाई बुझेर एमाले अध्यक्ष केपी शर्मा ओलीले नयाँ रणनीति चालेका छन् । ओलीले सोमबार साँझ माधवकुमार नेपाललाई भेटी राष्ट्रपतिको प्रस्ताव गरेका छन् । दुई

बाँकी सातौं पृष्ठमा

## कैद मिनाहाले प्रधानमन्त्रीको बदनाम

### प्रहरी अधिकारीहरु अचम्मित

काठमाडौं । विगतमा भन्दा यसै कार्यकालमा राम्रो काम गर्ने प्रतिबद्धता व्यक्त गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को कार्यशैलीमा भने परिवर्तन भएको देखिएको छैन । सिंहदरबारमा पुरानै विकृतिहरुलाई उनले निरन्तरता दिएका छन् । एकातर्फ सचिवालयमा एक दर्जन भन्दा धेरैलाई नियुक्ति दिएर खर्च बढाएका छन् भने, अर्कोतर्फ प्रशासनिक सुधारका काम पनि सुरु हुन सकेको छैन ।



प्रजातन्त्र दिवसको अवसरमा गम्भीर अपराधमा संलग्न कार्यकर्तालाई समेत कैद मिनाहा गरेर प्रचण्ड आलोचनाका पात्र बनेका छन् । त्यसमा सांसद अरुण कुमार चौधरी मात्र होइन ओखलढुंगाको उज्जन कुमार श्रेष्ठको हत्यामा सर्वोच्च अदालतबाट दोषी ठहर भएका पुष्कर गौतम पनि छन् । त्यस्तै, जेलबाटै भागेका लडवीर राईलाई समेत आममाफी दिएर छाडिएपछि प्रहरी अधिकारी अचम्मित भएका छन् ।

प्रजातन्त्र दिवसको अवसरमा पार्टी

बाँकी सातौं पृष्ठमा

## अबैध यौन अखडा बन्दै काठमाडौं उपत्यका



काठमाडौं । देशमा आर्थिक मन्दी छाएसँगै काठमाडौंको अधिकांश गेष्टहाउसहरुमा यौनजन्य गतिविधि बढ्दै गएको पाइएको छ ।

काठमाडौं उपत्यकाको अधिकांश गेष्टहाउसहरुमा पछिल्लो समय खुल्लम खुल्लारुपमा यौन धन्दा चलिरहेको छ । यसरी खुल्लमखुल्ला यौन धन्दा हुँदा पनि नजिकै रहेको प्रहरीहरुले भने रमिते बनेर हेरेको पाइन्छ । एयरपोर्टको सामुन्ने रहेको पत्रकार महासंघ र प्रेस काउन्सिलको ठिक पछाडि रहेको एक गेष्टहाउसका मालिकले ढुक्कैसँग भने, 'हाम्रा गेष्टहाउस वरीपरी रहेको प्रहरी कार्यालयका घुमुवादेखि लिएर हाकिमलाई समेत हामीले सेटिङ मिलाएका छौं, ग्राहकलाई ढुक्क भएर यौन तृष्णा मेटाउन भनिरहेको प्रष्टरुपमा देखिन्थ्यो ।'

यसैगरी, केएमसी हस्पिटलको नजिकै रहेको एक गेष्ट हाउसको मालिकले भने, 'हामीले घुमुवा प्रहरी र तिनका हाकिमलाई समेत हप्ते नजराना बुझाउने गरेका छौं, त्यसैले त हामीहरु यहाँ टिक्न

बाँकी सातौं पृष्ठमा

## सात महिनामा पाँच लाख युवा विदेशिए

काठमाडौं । चालु आर्थिक वर्ष २०७९/८० को पहिलो ७ महिनामा झण्डै ५ लाख युवा वैदेशिक रोजगारीका लागि विदेश पुगेका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार साउनदेखि माघसम्म वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने र श्रम स्वीकृति नवीकरण गर्नेको संख्या ४ लाख ८२ हजार ४७५ पुगेको छ ।

यो वर्ष ७ महिनामै नयाँ अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिने नेपालीको संख्या मात्रै ३ लाख १४ हजार ७६७ जना पुगेको छ । माघ महिना

बाँकी सातौं पृष्ठमा

## राजनीतिक आडमा एआईजी बढुवामा तँछाडमछाड

काठमाडौं । नेपाल प्रहरीमा अतिरिक्त महानिरीक्षक (एआईजी) को बढुवा लामो समयदेखि रोकिएको छ । एआईजी बढुवाका लागि राजनीतिक आडमा डीआईजीहरु तँछाडमँछाड गर्दै राजनीतिक दलका नेताहरुको दैलो चाहार्ने कार्य गर्दै आइरहेका छन् । हाल ५ जना एआईजी रिक्त छ । एआईजीहरु सहकुल थापा, उत्तम सुवेदी र दिवेश लोहनी मात्रै कार्यरत छन् ।

८ महिनादेखि रिक्त हुन थालेको एआईजीको कोटा ५ पुगे पनि सरकारले अझै केही दिन बढुवा नगर्ने भएको छ । राजनीतिक समीकरण फेरबदलको असर प्रहरी संगठनमा पनि परेको देखिन्छ ।




गत मंसिरमै एआईजी बढुवाको तयारी भएको थियो । निर्वाचन आचारसंहिता लाग्ने भएपछि शेरबहादुर देउवा नेतृत्वको सरकारले बढुवा गरेको थिएन । पछि सत्ता समीकरण नै परिवर्तन भयो । त्यसपछि पनि तत्काल एआईजी बढुवा भने हुन सकेन ।

डीआईजीको वरीयतामा अगाडि रहेकाहरुले तत्काल बढुवा गर्न लबिङ्ग गरे पनि पछिल्लो वरीयताकाले रोक्दै गए । जति पछि बढुवा गर्‍यो उति नै कोटा थपिने भएपछि पछिल्लो वरीयताका डीआईजीहरुले त्यसलाई रोकेर आफू पनि बढुवा हुन चाहेका थिए ।

फागुन ७ गतेदेखि रिक्त एआईजीको संख्या ५ पुगेको छ । एआईजी पूजा सिंह ७ गतेबाट अवकाशमा गएकी हुन् । अब भने सरकारले बढुवा गर्ने तयारी

बाँकी सातौं पृष्ठमा





मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्

www.khojtalashonline.com

कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

का.जि.का.द.नं. ५३/०५४/०५५

खोजतलास
राष्ट्रिय साप्ताहिक
www.khojtalasnews.com

# किशोरावस्थामा बारम्बार यी व्यवहार देखिएमा हुन सक्छ मनोरोग



***माया श्रेष्ठ***

बालबालिकामा मानसिक स्वास्थ्य सम्बन्धी समस्या देखिँदैन भ्रम अभिभावकहरूमा हुने गरेको मनोचिकित्सकहरू बताउँछन् । यद्यपि बालबालिकामा मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्या देखिने क्रम बढ्दो रहेको उनीहरूको भनाइ छ ।

बालबालिका तथा किशोरकिशोरीमा पनि मनोरोग लाग्ने  कान्ति बाल अस्पतालका बालबालिका तथा किशोर किशोरी मनोचिकित्सक डाक्टर उत्कर्ष कार्की बताउँछन् ।

५० देखि ६० प्रतिशत मनोरोगका समस्या १४/१५ वर्षको उमेर सुरु हुने विभिन्न अध्ययनहरूले देखाएको छ । डा. कार्कीका अनुसार बालबालिकामा मनोरोगको प्रस्तुति फरकफरक उमेरमा फरक हुन्छ । १८ वर्ष मुनिका बालबालिकामा विभिन्न खालका समस्या देखिँदा समेत परिवारले सामान्य ठान्दा मानसिक स्वास्थ्य जटिल बन्न सक्ने उनको भनाइ छ ।

**बालबालिकामा यी समस्या देखिन सक्छन्**

**पूर्वबाल्यावस्था**

६ वर्षभन्दा मुनिका बालबालिका अर्थात् पूर्वबाल्यावस्थामा पनि मनोरोग लाग्न सक्छ । ६ वर्ष मुनिका बालबालिकामा भाषा बोलीको विकास हुँदैन । जसका कारण ती बालबालिका कतै मनोरोग छ कि भनेर शङ्का गर्नुपर्ने बालबालिका तथा किशोर किशोरी मनोचिकित्सक डा. कार्की बताउँछन् ।

उनी भन्छन्, 'यदि बालबालिकामा भाषा र बोलीमा समस्या देखिन सक्छ । उदाहरणका लागि ती बालबालिकाले धेरै झिजो मान्ने, कराउने, अटेरी गरेर बारम्बार व्यवहार परिवर्तन गरिरहेको खण्डमा मानसिक स्वास्थ्यमा समस्या छ कि भनेर बुझ्नुपर्छ ।'

६ वर्ष मुनिका बालबालिकाले चकचक गर्नु, एक ठाउँमा स्थिर भएर नबस्नु, भनेको नमान्नु, जिद्दी हुनु, केही कुरा माग्दा अभिभावकले दिनु भएन भने प्रतिक्रिया स्वरुप बच्चा रुनु, चिच्याउनु, कराउनु, लडीबुडी खेल्नु सामान्य खालको व्यवहार हो ।

यस उमेर समूहका बालबालिकामा मनोरोग भएमा बोली र भाषामा ढिलाइ, बौद्धिक विकासमा पनि समस्या देखिने उनको भनाइ छ ।

डाक्टर कार्कीका अनुसार मनोरोग लागेको खण्डमा ६ वर्षभन्दा मुनिका बालबालिकाहरूमा विकाससम्बन्धी थुप्रै समस्या हुन्छ । जस्तै अटिजम भई मुख्यतः सामाजिक अन्तरक्रियामा अनि बोलीको विकासमा ढिला हुनुका साथै अन्य मान्छेहरूसँग खासै घुलमिल हुन सक्दैनन् ।

**बालबालिकामा यस्तो लक्षण देखिए शङ्का गरौँ**

६ वर्ष मुनिका बालबालिकाले चकचक गर्नु, एक ठाउँमा स्थिर भएर नबस्नु, भनेको नमान्नु, जिद्दी हुनु, केही कुरा माग्दा अभिभावकले दिनु भएन भने प्रतिक्रिया स्वरुप बच्चा रुनु, चिच्याउनु, कराउनु, लडीबुडी खेल्नु सामान्य खालको व्यवहार हो । तर, यस्तो खालका व्यवहार अत्यधिक भयो भने शङ्का गर्नुपर्ने उनले बताए । जस्तै, घरमा मात्रै सीमित नभएर बाहिर अनि स्कुलमा पनि व्यवहार परिवर्तन देखियो भने परिवारले चनाखो भएर बालबालिकाको ख्याल गर्नुपर्ने डा.कार्कीको सुझाव छ ।

यस्तै, पाँच वर्ष मुनिका बालबालिकाले ओछ्यानमा पिसाब फेर्नु सामान्य नै हो । तर, पाँच वर्षपछि पनि ओछ्यानमा पिसाब फेरेमा बालबालिकामा केही समस्या छ भनेर अभिभावकले बुझ्न आवश्यक रहेको उनको भनाइ छ ।

**उत्तरबाल्यावस्था**

यस्तै ६ वर्षदेखि १२ वर्ष उमेर समूह अर्थात् उत्तरबाल्यावस्था विद्यालय जाने उमेर हो । डा. कार्कीका अनुसार यस उमेर समूहका बालबालिकामा भावना, विचार व्यक्त गर्ने क्षमता अलि बढी हुन्छ । ६ वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकाको सोचविचारमा परिवर्तन आउने, परिवर्तित व्यवहार देखाउन थालेमा मानसिक समस्यामा हो भनेर शङ्का गर्नुपर्ने उनले बताए ।

यस उमेर समूहका बालबालिकामा टाउको दुख्नु, टाउको भारी हुनु, पेट दुख्नु, स्कुल जान हिचकिचाउनु, स्कुल नजानु, वाकवाक आएको जस्तो हुनु, श्वास प्रश्वासमा एकदमै गाह्रो भएको जस्तो हुनु, मुटु भारी भई मुटुको धड्कन तेज हुनु, आत्तिने, डराउने, बाहिरबाट हेर्दा शारीरिक समस्या जस्तो देखिए पनि गहिराइमा पुगेर उनीहरूमा अध्ययन गर्दा थुप्रै मनोरोगको समस्या देखिन सक्ने डा. कार्की बताउँछन् ।

'किशोरावस्थामा शारीरिक रुपमा परिवर्तन आउँछ । त्यस्तो हुँदा हर्मोन परिवर्तन, साथीहरूसँग घुलमिल हुने, साथीहरूले जे गर्‍यो त्यही गर्नुपर्ने, आमा बुबासँग अलिकति टाढिने क्रमलाई सामान्य विकासको क्रम हो भनेर बुझ्नुपर्छ ।

एन्जाइटी डिसअर्डर, कहिलेकाहीँ यो उमेर समूहका बालबालिकामा उदासहिनता, डिप्रेसन डिस अर्डर पनि हुने उनी बताउँछन् । यस्तै, भनेको नमान्ने, अटेरी हुने, झगडा गर्ने लगायतका समस्या ६ देखि १२ वर्षसम्मको उमेर समूहमा देखिन्छ ।

यस उमेर समूहका बालबालिका धेरै रुनु, कराउनु, ननिदाउनु, खाना नखाने क्रम हप्ता दश दिन रहेर पठनपाठन, दैनिक साथीभाइसँगको अन्तरक्रियामा यसले असर गर्न थालेमा मानसिक स्वास्थ्यमा समस्या भयो भनेर चाँडै पहिचान गरी उपचारतिर लाग्नुपर्ने बालबालिका तथा किशोर किशोरी मनोचिकित्सक डा. कार्कीको भनाइ छ ।

किशोरकिशोरी अवस्था

यस अवस्थामा साइकोसिस, सिजोफेनिया, वाइपोलर एफेक्टिभ डिस अर्डर, नसालु पदार्थ सेवन, मोबाइल, टिभी जस्ता ग्याजेट प्रयोग गरेर दैनिक कार्यमा पनि असर गरेको पाइन्छ ।

यस उमेर समूहका किशोरकिशोरीले मानसिक समस्या भएर आत्महत्याको सोच आउने, अत्महत्याको प्रयास गर्ने गरेको उनले बताए । यद्यपि १२ वर्ष मुनिका बालबालिकाकाले अपवाद अर्थात् कहिलेकाहीँ आत्महत्याको प्रयास गरेको पाइएको उनले बताए ।

उनी भन्छन्, 'किशोरावस्थामा शारीरिक रुपमा परिवर्तन आउँछ । त्यस्तो हुँदा हर्मोनल परिवर्तन, साथीहरूसँग घुलमिल हुने, साथीहरूले जे गर्‍यो त्यही गर्नुपर्ने, आमा बुबासँग अलिकति टाढिने क्रमलाई सामान्य विकासको क्रम हो भनेर बुझ्नुपर्छ । यस अवस्थामा भावनाहरू उथलपुथल हुनुलाई पनि नर्मल मानिन्छ ।'

दैनिकीमा असर हुनु, तनाव तथा चुनौतीहरू झेल्न नसक्दा आत्महत्याको सोच आउनु, आत्महत्याको प्रयास गर्नु, साथीहरूसँग बोल्दै नबोल्नु, घरको कोठामा मात्रै थुनिएर बस्नु, मोबाइल, टिभी र ल्यापटप हेरेर वा खेलेर दैनिक रुटिन नै गडबड हुने जस्ता समस्या देखिन थालेमा अभिभावक सतर्क हुनुपर्ने उनको भनाइ छ ।

यस्तो अवस्था आफ्ना बच्चाहरूलाई कतै मानसिक स्वास्थ्यमा असर गरिरहेको छ कि भनेर शङ्का गरी उपचार र परामर्शमा जान उनको सुझाव छ । उल्लेखित कुरा सामान्य हो भनियो भने भविष्यमा बालबालिकामा मानसिक स्वास्थ्यसम्बन्धी समस्या जटिल खालका आउन सक्ने उनले बताए । मनोरोग जति चाँडो पहिचान गरियो, त्यति नै चाँडो निको पार्न सकिने डा. कार्की सुनाउँछन् ।





**आवश्यकता**

यस खोजतलास मिडिया प्रा.लि.द्वारा संचालित **khojtalashonline.com** का लागि मार्केटिङ म्यानेजरको तुरुन्त आवश्यक परेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**संख्या** : ७

**तलव** : रु ३५०००/–

**सम्पर्क** : ०१५५२२३५१, ९८५१०४२७९८





खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **भरत महर्जन**, निर्देशक : **अमिता लक्ष्मी श्रेष्ठ (सैंजु)**, प्रधान सम्पादक **राजु बस्नेत**, सम्पादक : **शशी कोइराला**, कार्यकारी सम्पादक : **रुपक शाक्य**
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : उपलब्धी प्रेस प्रा.लि.

# राष्ट्रपति निर्वाचनमा ओलीका बिकल्पहरु

काठमाडौं । राष्ट्रपतिमा उम्मेदवारी मनोनयनको मिति नजिँकिदै गर्दा खेल पनि रोचक मोडमा पुगेको छ । पुस १० का वरिपरि एमाले र त्यसमा पनि अध्यक्ष केपी शर्मा ओली कोटरीको व्यक्ति राष्ट्रपति बन्ने तय जस्तै थियो । तर, समय फेरिएको छ ।

माओवादी केन्द्रलाई समेत लागेको छ- परिस्थिति पुस १० को जस्तै छैन । प्रवक्ता कृष्णबहादुर महराले सोमबारको पदाधिकारी बैठकपछि स्पष्ट रुपमा बताएका छन् भने महासचिव देव गुरुङले बैठकअघि प्रतिक्रिया दिँदै 'एमालेको सिफारिस मान्न बाध्य नहुने' बताएका छन् ।



एमाले अध्यक्ष ओलीले बाहिर आफ्नो उम्मेदवार सहज रुपमा जित्ने बताइरहेका छन् । आइतबार विराटनगर विमानस्थलमा ओलीले एमालेको उम्मेदवारले माओवादीको समर्थनमा सजिलै जित्ने दावी गरेका हुन् । तर भित्री रुपमा भने एमाले ढुक्क देखिँदैन । सके राष्ट्रपति नभए सत्ता साझेदारीसम्म जोगाउने गरी पहल गरिरहेको छ ।

सोमबार अध्यक्ष ओलीले निजी निवास बालकोटमा केही नेताहरुसँग समेत ओलीले छलफल गरेका छन् । 'राजनीतिक आकासमा तुवाँलो' देखिएको भन्दै फरक रणनीतिमा अघि बढ्नुपर्ने अवस्था आएको बताएका छन् ।

अध्यक्ष ओलीले राष्ट्रपतिमा सकेसम्म एमालेकै नेतामा माओवादी केन्द्रलाई समर्थन गराउनेगरी पहल गर्नेछन् । ढुक्कसँग एमालेले पाउने अवस्थामा सभामुखमा ल्याइएका देवराज घिमिरे जस्तै राष्ट्रपतिमा पनि ओलीका लागि कुनै आफू अनुकुलको पात्र ल्याउने अवस्था बन्थ्यो ।

पछिल्लो राजनीतिक परिस्थितिले अवस्था बदलेको छ । त्यसैले अब एमालेकै, तर अन्य पार्टीले समेत स्वीकार्न सक्ने पात्र अघि सार्नुपर्नेछ । संविधान सभाको समयमा सबै राजनीतिक दलहरुको विश्वास जितेका सुवास नेम्वाङ एमालेका लागि उपयुक्त विकल्प हुन् ।

संविधान सभाकै अध्यक्ष रहिसकेकाले माओवादी केन्द्र सकारात्मक बन्नसक्ने एमाले नेताहरुको बुझाइ छ । त्यसैमाथि अहिले माओवादी केन्द्रले 'संविधानको रक्षार्थ' आफूले राष्ट्रपतिमा राष्ट्रिय सहमति खोजेको बताइरहेको छ । संविधान निर्माणकै अगुवाइ गरेका नेम्वाङबाट संविधान मिच्ने काममा सहयोग नहुने कुरामा विश्वस्त दिलाउन एमालेलाई सहज हुनेछ ।

नेम्वाङ नै अघि सार्दा पनि वर्तमान परिस्थितिमा माओवादी केन्द्र मनाउन सकिने अवस्था देखिँदैन । नेपाली कांग्रेस वर्तमान गठबन्धन ढाल्नका लागि जुन स्तरसम्म पनि लागिपर्ने देखिएको छ । यस्तो अवस्थामा एमालेसँग दोस्रो विकल्प पार्टीका पूर्व नेता माधवकुमार नेपाल हुन् ।

नेपालको सन्दर्भमा माओवादी केन्द्र र नेपाली कांग्रेस समेत सहमत हुने सक्ने सम्भावना हुन्छ । पूर्व गठबन्धनकै साझेदार भएकाले नेपालका नाममा 'राष्ट्रिय सहमति' जुट्न सक्छ । माओवादी अध्यक्ष प्रचण्डले समेत 'गुन तिर्नुपर्ने' पात्र भएकाले सरकार जोगाउने र पार्टीलाई बलियो बनाउने एमालेका लागि उपयुक्त विकल्प नेपाल हुन सक्छन् ।

यही आंकलन गरेर एमालेका नेताहरुले नेपालको सन्दर्भमा आन्तरिक छलफल थालेका छन् । अध्यक्ष ओलीले नेपालसँग कुराकानी नै गरेको विषयलाई भने एमालेका नेताहरु अस्वीकार गर्छन् । ओलीसँग सोमबार संवाद गरेकामध्ये एक नेता भन्छन्, 'माधव नेपालसँग भेटेर वा फोनमा कुराकानी गर्नेभन्दा पनि कतैबाट संकेतसम्म पुऱ्याउनु भएको जस्तो लाग्छ ।'

नेपाललाई राष्ट्रपतिमा सघाउँदा उक्त पार्टीका नेता कार्यकर्ता एमालेमा फर्किने सम्भावना रहन्छ । पार्टी एकताका लागि पनि बाटो खुल्ने भएकाले आफूले नपाउने अवस्थामा एमालेले प्राथमिकता दिने पात्र नेपाल नै रहेको एमाले नेताहरु समेत स्वीकार्छन् ।

तेस्रो विकल्पमा डा. बाबुराम भट्टराई छन् । माओवादी केन्द्रले 'मुखमा राष्ट्रिय सहमति' भने पनि 'बगलीमा बाबुराम' राखेर हिँडेको एमाले नेताहरुको आंकलन छ । एक एमाले नेताका अनुसार प्रचण्ड र डा. भट्टराईले चुनावअघि नै यस विषयमा सहमति गरेको आशंका पनि पार्टीभित्र छ ।

'जसरी अहिले प्रचण्ड राष्ट्रिय सहमति भन्दै युटर्न भइरहनुभएको छ । यसमा हामीले देखेका दुई कुरा छन् । पहिलो, पाँचै वर्ष आफू प्रधानमन्त्री हुने ग्यारेन्टी खोजिरहनुभएको छ । दोस्रो, बाबुरामलाई राष्ट्रपति बनाउने पुरानो सहमति कार्यान्वयनका क्रममा हुनुहुन्छ,' ती एमाले नेताको भनाइ छ ।

वर्तमान सत्ता कांग्रेसको हातमा जान नदिन डा. भट्टराईको नाममा एमाले सहमत हुनसक्ने ती नेता देख्छन् । यद्यपि त्यस विषयमा छलफल भने भइनसकेको उनी बताउँछन् । माओवादी केन्द्र आफैंले नाम लिएर आउन सक्ने उनको बुझाइ छ ।

माओवादी केन्द्र कुनै पनि हालतमा कांग्रेसकै नेतालाई राष्ट्रपति बनाउनुपर्ने ठाउँमा उभियो भने चाहिँ एमालेले अर्को विकल्प खोज्नेछ । त्यस्तो अवस्थामा कांग्रेस र माओवादी केन्द्र बाहेकको समीकरण निर्माणमा एमालेले पहल गर्ने देखिएको छ ।

कांग्रेस र माओवादी केन्द्र बाहेककै बहुमत पुग्नेगरी समीकरण बनाउँदा अघि सारिने पात्र लोसपाका महन्थ ठाकुर हुन् । केही दिन अघि एमाले अध्यक्ष ओलीले संसदबाटै ठाकुरसँग छलफलका लागि आफ्नै गाडीमा हालेर बालकोट पुऱ्याएका थिए । ठाकुरका अनुसार ओलीले सुरुवाती 'मुलाकात'मा आफ्नो दललाई राष्ट्रपतिमा सघाउन आग्रह गरेका छन् ।

तर, कांग्रेसकै पात्रमा माओवादी केन्द्र पुग्दा भने एमालेले 'ठाकुर कार्ड' खेल्न सक्ने बुझिएको छ । राष्ट्रपति निर्वाचनमा शक्ति राष्ट्रहरुले समेत चासो देखाइरहेका बेला ओलीको उक्त कार्ड सफल हुनसक्ने विश्लेषण समेत एकथरीको छ ।

# कसले सुन्ने वारुणयन्त्रको वेदना ?

वारुणयन्त्र के हो ? आजकल यो प्रश्न सोध्ने हो भने ५० प्रतिशत मानिस त एकछिन अकमक्क नै पर्छन् होला । २४सै घण्टा सेवा प्रदान गर्ने, रातो रङको शरीर भएको, माथिल्लो भागमा रातो बत्तीको प्रकाश दिने साइरन भएको र सामान्यतया सधैं हतारमा हुने उपकरण हो 'वारुणयन्त्र' । यो उपकरणलाई आगो निभाउन प्रयोग गरिन्छ । सामान्यतः यसलाई 'दमकल' भनेर चिनिन्छ ।




उद्धार कार्यमा हिंडेको वारुणयन्त्र घटनास्थल पुग्न सजिलो र नजिक पर्ने बाटोमा चल्छ । जनधनको क्षति न्यूनीकरण गर्ने जिम्मेवारी पाएको यसले लेन पालना, एकतर्फी सडक नियमलगायत केही ट्राफिक नियमहरूमा नेपाल सरकारबाटै छुट पाएको छ । यति महत्वपूर्ण जिम्मेवारी बोकेको वारुणयन्त्र र त्यसका पार्टपुर्जा यत्रतत्र लडाइएका र फ्याँकिएका छन् ।

इतिहासको पाना पल्टाउने हो भने वारुणयन्त्रको नेपालमा १९९४ साल बाट स्थापना भएको देखिन्छ । १९९० सालको भूकम्प गएको ४ वर्षपछि राणाकालका सातौं प्रधानमन्त्री जुद्धशमशेर जबराले आफ्नै नाम दिएर काठमाडौं उपत्यकामा 'जुद्ध वारुणयन्त्र' संस्था स्थापना गरेका थिए । उनले बेलायत भ्रमणमा जाँदा त्यहाँको वारुणयन्त्र सेवाबाट आकर्षित र प्रभावित भएर नेपालमा आयात गरेका थिए । उनले २००१ सालमा उपत्यकाको दुई जिल्ला भक्तपुर र ललितपुरमा जुद्ध वारुणयन्त्रको सेवा विस्तार गरेका थिए ।

८ वैशाख १९३२ मा जन्मिएका जुद्धशमशेरको मृत्यु ५ मंसिर २००९ मा भएको थियो । उनी राणा शासनका सातौं प्रधानमन्त्री थिए जसले इतिहासमा स्वेच्छाले पद त्याग गरे । उनले आफ्नो कार्यकालमा विभिन्न सामाजिक सुधारका काम गरे । नेपालमा आगलागीका घटना खासै नभए पनि निकट भविष्यमा आपत-विपत पर्न सक्छ भन्ने पूर्वानुमानको आधारमा इङ्गल्याण्डबाट मौरिस ब्रान्डको वारुणयन्त्र आयात गरेका थिए ।

नेपालमा भौतिक पूर्वाधार र यातायातको राम्रो सुविधा थिएन । त्यसैले इङ्गल्याण्डबाट वारुणयन्त्रलाई भारत पठाइएको थियो । त्यहाँबाट छुट्याइएको पार्टपुर्जा भरियालाई बोकाएर भीमफेदी हुँदै काठमाडौं ल्याइपुऱ्याइएको थियो । काठमाडौंमा पार्टपुर्जा जडान गरेको केही समयपछि 'जुद्ध वारुणयन्त्र' संस्थाले सेवा प्रदान गर्न थाल्यो । जुद्धशमशेरको पहलमा शहरलाई आगलागीबाट बचाउने वारुणयन्त्रमा पानी राख्न वाटर हाइड्रन्टको पनि निर्माण गरिएको थियो ।

अहिले यो संस्था कुन निकायको मातहत रहेर चल्ने हो, स्पष्ट छैन । सामान्यतः १०० नम्बरमा कल गर्दा दमकलको सम्पर्कमा पुगिन्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांक अनुसार नेपालमा २१३ वटा वारुणयन्त्र सञ्चालनमा छन् । तीमध्ये प्रदेश-१ मा ४५, मधेशमा ३२, बागमतीमा ३३, गण्डकीमा ४८, कर्णालीमा ४ र सुदूरपश्चिममा २० वटा दमकल छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट देशभरको दमकलको विवरण पेश गरिएको छ । त्यो विवरणमा कुनैमा गाडीको विवरण छैन भने कुनैमा चालकको । न मोडेल उल्लेख गरिएको छ न मर्मत-सम्भारको अवस्था । चालक बिरामी हुँदा वा बिदामा बस्दा हुने वैकल्पिक व्यवस्था बारे पनि उल्लेख छैन । सामान्यतः यहाँ आपतकालका लागि चाहिने पूर्ण विवरण राखिएको छैन ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेपालका ४४औं प्रधानमन्त्री हुन् । नेपालका सातौं प्रधानमन्त्रीले दूरदृष्टि राखेर भित्र्याएको वारुणयन्त्र ४४औं प्रधानमन्त्रीको पालासम्म पनि व्यवस्थित गरिएको छैन । संख्या बढाउन नसके पनि भएका दमकलको व्यवस्थापन र सदुपयोग हुनसकेको छैन । इतिहास बोकेको ट्रलीबस रातारात लोप बनाइयो । जुद्ध वारुणयन्त्रको पनि अवस्था उस्तै छ । प्रश्न जन्मन्छ, 'वारुणयन्त्र' प्रति सरकारको ध्यानाकर्षण ठूलो घटना घटेर जनधनको क्षति भएपछि मात्र हुने हो ?

नेपालका अधिकांश बस्ती आगलागीको उच्च जोखिममा छन् । अत्यधिक जनसंख्या वृद्धि, अव्यवस्थित तार, साँघुरा सडक, ट्राफिक जाम जस्ता विविध कारणले घटनास्थलमा दमकल समयमै पुग्न सक्ने अवस्था छैन । २४ घण्टा नै खटिनुपर्ने वारुणयन्त्रलाई तयारी अवस्थामा राख्न यसको विकास र विस्तारमा सरकारले समयमै ध्यान दिनुपर्छ ।

नेपालका कैयौं ठाउँमा आगलागी नियन्त्रणमा जाँदा दमकल पुग्नु अगावै जनधनको क्षति भइसकेको प्रशस्तै उदाहरण छन् । १२ वैशाख २०१९ मा भक्तपुर जिल्लाको मध्यपुर ठिमी-५ स्थित राजन ग्रुप कम्पनी प्रा.लि.मा राति करीब ९ बजे आगलागी हुँदा झण्डै ८ करोडको क्षति भयो । आगलागी नियन्त्रण गर्न भक्तपुर दमकल, काठमाडौं दमकल, पाटन दमकल, धुलिखेल दमकल र नेपाली सेनाको दमकल परिचालित भए । यसरी पाँच निकायको संयुक्त प्रयासमा कार्य गरिए पनि ठूलो नोक्सानी व्यहोर्नुपऱ्यो ।

**अग्नि नियन्त्रकको टिम**

त्यस्तै ३ असार २०७४ को राति ११:३० बजेदेखि सल्लाघारीस्थित यती कार्पेट इन्डस्ट्रिजमा लागेको भीषण आगलागीमा डेढ अर्बभन्दा बढीको क्षति भएको थियो । उद्योगसँगै रहेको बाटोको ट्रान्सफर्मर पड्केर निस्किएको आगोले बलेको तारबाट कारखाना नै तहस-नहस भएको थियो । आगलागी नियन्त्रण गर्न भक्तपुर, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, काठमाडौं र ललितपुरका गरी ८ वटा दमकलले काम गरे । तर पनि ८ घण्टापछि मात्र आगलागी नियन्त्रणमा आयो । चुस्त समन्वय, नजिकै दमकल र वाटर हाइड्रन्ट भएको भए सायद ठूलो क्षति हुँदैनथ्यो । यो त उदाहरण मात्रै हो । धेरै ठाउँमा अत्यधिक नोक्सानी भएका छन् ।

देशको राजधानी रहेको उपत्यकामै आगलागी हुँदा बचाउन नसक्ने सरकारले अन्त के गर्न सक्ला र ? राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण पक्कै पनि क्षति भइसकेपछि अवलोकन गर्ने निकाय होइन ।

वारुणयन्त्र सामान्य यन्त्र मात्र होइन, यसले देशको इतिहास पनि बोकेको छ । आगामी दिनमा यसको लागि छुट्टै निकाय वा विभाग खडा गरी राम्रो रेखदेख गर्नुपर्छ । पुराना वारुणयन्त्रलाई संग्रहालय बनाएर राख्न सक्छौं । वारुणयन्त्रका उपकरण स्टोर-लत्ता कपडा र अन्य प्रयोग गर्ने सामग्रीको सुरक्षा गर्नुपर्छ । पुरानो वारुणयन्त्र राख्ने ऐतिहासिक भवनलाई रेट्रोफिट गर्ने र मर्मतसम्भार गरी वारुणयन्त्रलाई चुस्तदुरुस्त अवस्थामा राख्नुपर्दछ । जनतालाई भोट माग्ने समयमा पार्टीको झण्डा र छापको विज्ञापन गरे जस्तै वारुणयन्त्रको घर-घरमा पुगेर शिक्षा प्रदान गर्ने र सरकारले दिने सेवा-सुविधाको जानकारी प्रदान गर्नुपर्दछ । *सुरज थपलिया*

# इन्जा फोटो पत्रकारिता पुरस्कार श्रेष्ठ द्वयलाई




काठमाडौं । नेपाली पत्रकारहरुको अन्तराष्ट्रिय सन्जाल (इन्जा)ले यस बर्षदेखि शुरु गरेको इन्जा फोटो पत्रकारिता पुरस्कार लामो समयदेखि कार्यरत २ जना फोटो पत्रकारलाई प्रदान गर्ने निर्णय गरेको छ ।

फोटो पत्रकारिताको माध्यमद्वारा नेपाली समाज तथा आम नागरिकलाई सुसूचित गराउदै आउनु भएका बरिष्ठ फोटो पत्रकार नरेन्द्र श्रेष्ठ र सुरेशकुमार श्रेष्ठ (सुरज श्रेष्ठ)लाई प्रदान गर्ने निर्णय गरेको इन्जा ग्लोवलका अध्यक्ष गुणराज लुइटेलले जानकारी दिनुभयो ।

बिस २०५२ सालदेखि नेपाल समाचारपत्रबाट फोटो पत्रकारिता शुरु गर्नु भएका नरेन्द्र श्रेष्ठले कान्तिपुर पब्लिकेस, लस एन्जलस टाइम्स, न्यूर्योक टाइम्स, टाइम्स म्यागजिन,गार्डियन डेली, टेलिग्राफ युके, इन्डिपेन्डेन्ट युके, फाइनान्सियल टाइम्स, वालस्ट्रीट जर्नल,द टाइम्स लण्डन,डाइ वेल्ट,नेशनल ज्योग्राफी, वाशिंगटन पोष्ट लगायतका संचार माध्यममा काम गरी सक्नु भएको छ ।

त्यसै गरी पुरस्कृत हुने अर्का फोटो पत्रकार सुरेशकुमार श्रेष्ठ( सुरज श्रेष्ठ) ले पोखरालाई आफ्नो कार्यक्षेत्र बनाएर फोटो पत्रकारितालाई निरन्तरता दिदै आउनु भएको छ । २०६२ सालबाट फोटो पत्रकारितमा संलग्न रहनु भएका श्रेष्ठ बिभिन्न सामाजिक संघ संस्थामा समेत आवद्ध रहेर सामाजिक क्षेत्रमा समेत आफ्नो पहिचान बनाउन सफल हुनु भएको छ ।

५०- ५० हजार राशीको उक्त पुरस्कार नेपाली पत्रकारहरुको अन्तराष्ट्रिय सन्जाल (इन्जा) को स्थापना दिवस मार्च १ अर्थात फागुन १७ गते प्रदान गरिने सचिव दिपक रिजालद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# भारतद्वारा नेपाललाई किड्नी डायलसिस मेशिन सहयोग

काठमाडौं । भारत सरकारले नेपाललाई दुई सय वटा किड्नी डायलसिस मेशिन सहयोग गरेकोमा पहिलो लट हस्तान्तरण गरेको छ । सोमबार स्वास्थ्य मन्त्रालयमा नेपालका लागि भारतका राजदूत नविन श्रीवास्तवले नेपालका स्वास्थ्यमन्त्री पदम गिरीलाई मेशिन हस्तान्तरण गरेका हुन् । पहिलो लटमा २० डायलसिस मेशिन हस्तान्तरण गरिएको छ । बाँकी मेशिन निकट भविष्यमा हस्तान्तरण गरिने जनाइएको छ । हस्तान्तरण कार्यक्रममा बोल्दै भारतका लागि नेपालका राजदूत विमल श्रीवास्तवले भारत र नेपालबीच विकास सहयोग अन्तर्गत स्वास्थ्य क्षेत्रमा डायलसिस मेशिन प्रदान गरिएको बताए । उनले भविष्यमा स्वास्थ्य पूर्वाधारमा सहयोगले निरन्तरता पाउने जानकारी दिए । नेपालका स्वास्थ्यमन्त्री पदम गिरीले भारतको सहयोगका लागि धन्यवाद ज्ञापन गरे ।

भारतले नेपाललाई स्वास्थ्य, शिक्षा, पूर्वाधार विकासलगायतका क्षेत्रमा वर्षेनी सहयोग गर्दै आएको छ । स्वास्थ्य क्षेत्रमा भारतले काठमाडौंमा नेपाल भारत मैत्री इमरजेन्सी एन्ड ट्रमा सेन्टर, धरानस्थित वीपी कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्स इन धरान र काठमाडौंको वीर अस्पतालस्थित ओपिडी भवनको पूर्वाधार निर्माणमा सहयोग गरिरहेको छ । यसबाहेक नेपालमा ५० स्वास्थ्य सम्बन्धि सामुदायिक विकास आयोजनाहरु भारतको सहयोगमा निर्माणका क्रममा रहेको काठमाडौंस्थित भारतीय राजदूतावसले जानकारी दिएको छ ।

# सम्पर्कविहीन कर्मचारी खोज्दै प्रहरी हेडक्वाटर

काठमाडौं । प्रहरी प्रधान कार्यालयले गैरहाजिर भएका कर्मचारीको खोजी गरेको छ । पछिल्लो समय गैरहाजिर भएका ९ जना प्रहरी कर्मचारीलाई हाजिर हुन सूचना जारी गरिएको छ । कात्तिकदेखि यता जानकारीबिना हाजिर नभएका ९ जनाका नाममा सूचना जारी गर्दै प्रहरी प्रधान कार्यालयले ७ दिभित्र सम्पर्कमा आउन भनेको छ । सन्तोषजनक स्पष्टीकरणसहित हाजिर नभए सेवाबाट हटाइने सूचनामा उल्लेख गरिएको छ ।

# हिउँद नसकिँदै गर्मी बढ्यो

काठमाडौं । यस वर्षको हिउँदे याम नसकिँदै गर्मी सुरु भएको छ । पछिल्ला दिनमा तापक्रम निरन्तर वृद्धि हुँदै गएकाले गर्मी महसुस गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले हिउँदे वर्षा पर्याप्त नहुँदा सुक्खापन बढेकाले यो वर्ष चाँडै गर्मी सुरु भएको बताए । उनले भने, 'अहिले अधिकतम तथा न्यूनतम तापक्रम बढिरहेको छ। पश्चिमी वायु सक्रिय नभएकाले वर्षा नहुँदा चिसो बढ्न नसकेकाले पनि तापक्रम बढेर चाडै गर्मी महसुस गरिएको हो ।'

अघिल्लो वर्ष हिउँदमा पश्चिमी वायु बढी सक्रिय रहेकाले हिउँदे वर्षा राम्रोसँग भएको थियो । यस पटक वर्षा गराउने मौसमी प्रणाली प्रभावकारी नभएकाले वर्षा हुन नसकेको मौसमविद्को भनाइ छ ।

मौसमविद् लामिछानेका अनुसार प्रि-मनसुनको सिजन नजिकिएकाले पनि तापक्रम बढिरहेको छ । हिउँदे वर्षा गराउने मौसमी प्रणाली विकसित भए पनि त्यसको सक्रिय प्रभाव नभएकाले देशका सुदूरपश्चिम र कर्णाली प्रदेशमा बढी वर्षा भएको छ । बाँकी क्षेत्रमा अपेक्षित वर्षा नभएकाले बाली लगाएका किसानसमेत मर्कामा परेका छन्। सुक्खापनले पर्यावरणमा समेत असर परेको छ ।

सामान्यतया नेपालमा हिउँदे वर्षा मङ्सिर दोस्रो सातामा सुरु भएर फागुन दोस्रो सातासम्म रहन्छ। तर यसवर्ष हिउँदे वर्षा पर्याप्त मात्रामा हुन सकेन । महाशाखाको पछिल्लो विवरणमा मंगलबार काठमाडौंको न्यूनतम तापक्रम १० र अधिकतम तापक्रम २४ डिग्री सेल्सियस रहेको छ ।

धार्मिक विश्वासअनुसार शिवरात्रि पर्वका बेला मौसम धुम्मिन्छ र केही मात्रामा चिसोसमेत हुन्छ। तर यो वर्ष शिवरात्रिका बेला पनि पानी पर्न सकेन ।

हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । उक्त मौसमी प्रणालीको प्रभावले अहिले प्रदेश नं १ लगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली तथा देशका बाँकी भू-भागहरुमा आंशिक बदली रहेको छ । प्रदेश नं १ का पहाडी भेगका एक दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । देशका उच्च पहाडी तथा हिमाली भेगका थोरै स्थानहरुमा हल्का हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ । रासस

# काठमाडौंका घरबेटीका लागि महानगरले ल्यायो नयाँ नियम

काठमाडौं । घर बहालमा दिनेहरूका लागि काठमाडौं महानगरपालिकाले नयाँ निर्देशिका जारी गरेको छ ।

यो निर्देशिकाअनुसार घरबेटीले डेरावालासँग सम्झौता गरेर त्यसको एक प्रति वडा कार्यालयमा बुझाउनुपर्नेछ भने डेरावाला निस्केर गएपछि घर खाली भएको सूचना पनि वडालाई दिनुपर्नेछ ।

काठमाडौंमा घर बहालमा लगाउने चलन व्यापक छ । त्यसैले यो निर्देशिका प्रत्येक घरबेटी र डेरावाला निम्ति चासोको विषय हो ।

घर बहालमा लगाउँदा दुवै पक्षबीच अनिवार्य रूपमा सम्झौता हुनुपर्छ । भाडामा दिने र लिने दुवै पक्षले सम्झौतापत्रको एक-एक प्रति राख्ने छन् भने एक प्रति सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

पछि घर खाली हुँदा पनि घरबेटीले यसरी नै सम्बन्धित वडा कार्यालयमा गएर सूचना घर खाली भएको सातदिन भित्र दिनुपर्नेछ ।

सम्झौतापत्रमा बहाल लिने-दिनेको नाम, ठेगाना, नागरिकता नम्बर, राष्ट्रिय परिचयपत्र नम्बर र मोबाइल नम्बर उल्लेख हुनुपर्नेछ । घर रहेको स्थान, जग्गाको कित्ता नम्बर, बहालमा लिएको घरको क्षेत्रफल, भाडादर लगायत विवरण पनि सम्झौतामा खुलाउनु पर्नेछ ।

यति मात्र होइन, घर बहालमा लिनुको प्रयोजन पनि सम्झौतामा खुलाइएको हुनुपर्ने छ । यही सम्झौताका आधारमा महानगरको कुन घर भाडामा लगाइएको छ, कुन प्रयोजनका लागि भाडामा लगाइएको छ, भाडामा बस्नेहरू को हुन् भन्ने विस्तृत विवरण महानगरपालिकासँग हुनेछ ।

सबभन्दा ठूलो कुरा त, कति रूपैयाँमा भाडा लगाएको भन्ने विवरणसमेत खुलाउनुपर्ने हुँदा घरधनीले घर बहाल कर नियमित तिरेको छ कि छैन भनी यकिन हुनेछ । यसबाट महानगरको घर बहाल करको दायरा फराकिलो हुने देखिन्छ ।

'तत्कालका लागि घर बहालमा दिने सबैलाई करको दायरामा ल्याउनु यो निर्देशिकाको मुख्य उद्देश्य हो । अन्य ठाउँभन्दा काठमाडौं महानगरमा धेरै मानिस विभिन्न प्रयोजनका लागि भाडामा बस्ने गर्छन् । तैपनि घर बहाल कर तिर्नेको संख्या निकै कम छ । आर्थिक वर्ष २०७७/७८ मा घर बहाल कर तिर्नेको संख्या जम्मा ३ हजार ९ सय थियो । आर्थिक वर्ष २०७८/७९ मा यो संख्या बढेर ९ हजार पुगेको छ ।

घर बहालसम्बन्धी विवरण महानगरपालिकामै गएर बुझाउने हो कि भन्ने पनि धेरैलाई लागेको छ । तर यसको निम्ति महानगर जानुपर्दैन । यी सबै काम वडा तहमै हुने छ ।

घर खाली भएको जानकारी गराएपछि अर्को डेरावाला नआएसम्मको कर तिर्नु पर्दैन । तर, कसैले बिनाजानकारी कर तिरेन भने पछि जरिवानासमेत लाग्नेछ ।

धेरैजसो घरधनीले आम्दानीको स्रोत खुलाउनुपर्दा घरभाडा भनेर लेख्नुहुन्छ । त्यस्तो बेला घरबडीले केही समयअगाडि देखिको बहाल कर तिरेर कागजपत्र बनाउनुहुन्छ । आफ्नो काम भएपछि फेरि करको दायरामा आउनुहुन्न । महानगरले सबैलाई नियमित करको दायरामा ल्याउन यस्तो निर्देशिका जारी गरेको हो ।


डा. बिभुती ताम्राकार, डेन्टल सर्जन, सुमेरु सिटि अस्पताल

# दाँत सफा गर्दा कम्जोर हुँदैन, झन मजबुत हुन्छ

शरीरका अन्य अंगको जति महत्व छ त्यतिनै महत्व दाँतको पनि भएको डा. बिभुती ताम्राकार बताउनुहुन्छ। दाँत सम्बेदनशील अंग हो, यसले सौन्दर्य झल्काउनेदेखि लिएर दैनिक खानेकुराहरु खान्छौं त्यसलाई राम्रोसँग चपाएर सहजै पचाउने बनाउँछ र हाम्रो शरीर स्वस्थबद्धक बन्नाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ। दाँतलाई केयरलेस नगरी सानोतिनो समस्या आउने वित्तिकै उपचार गराई हाल्नुपर्ने डा. ताम्राकार बताउनु हुन्छ। दाँत सम्बन्धी समस्या र त्यसको निवारणका लागि गरिने उपचारको बारेमा डेन्टल सर्जन डा. बिभुति ताम्राकारसँग खोजतलास साप्ताहिकले गरेको संक्षिप्त कुराकानी :

*० हाम्रो शरीरमा दाँतको काम र महत्व के होला ?*

हाम्रो शरीरमा अन्य भागको जति महत्व छ त्यो भन्दा बढी दाँतको एकदमै महत्व छ। दाँत एउटा सम्बेदनशील अंग हो, यसले सौन्दर्य झल्काउने देखि लिएर दैनिक खानेकुराहरु खान्छौं त्यसलाई राम्रोसँग चपाएर सहजै पचाउने बनाउँछ र हाम्रो शरीर स्वस्थबद्धक बन्नाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ, अर्को कुरा भनेको हाम्रो दैनिक जीवनमा हातखुट्टाभन्दा पनि बढी मुख प्रयोग हुन्छ, हामीले दैनिक खानेकुराहरु देखि लिएर अन्य गतिविधिहरु पनि मुखबाटै हुने भएका कारण सबैभन्दा बढी किटाणु पनि मुखमै हुन्छ, त्यो कुरा मानिसहरुले बुझेका छैनन्। मुखभित्र दाँतमा भएको किटाणुहरु हाम्रा शरीरको विभिन्न भागमा फैलन सक्छ र त्यसले विभिन्न रोगहरु निम्त्याउन सक्छ। त्यसैले दाँतमा सानोतिना समस्या जस्ता किरा लागेको अवस्था, दाँत सिरिङ्ग गरेको अवस्थामा वा अन्य केही समस्या आउनेवित्तिकै डेन्टिससँग सल्लाह गरी सोही बमोजिम उपचार गरिहाल्ने हो भने खासै खर्चिलो पनि छैन। तर, त्यसलाई केयरलेस गरेको खण्डमा पछि आफूलाई दुःख पनि हुने र बढी खर्च लाग्ने पनि हुनसक्छ। त्यसैले दाँतलाई केयरलेस नगरी सानोतिनो समस्या आउने वित्तिकै उपचार गराई हाल्नुपर्छ र वर्षको एक–दुई चोटी डेन्टिसको सल्लाहअनुसार दाँत सफा पनि गर्नुपर्छ।

*० दाँतमा कस्ता–कस्ता समस्याहरु आउँछन् ?*

नेपालको परिवेशमा भन्ने हो भने सामान्य समस्या भनेको दाँतमा किरा लाग्ने, फोहोर हुने, वंशानुगत -hereditary) समस्याहरु पनि हुन्छ, कसैको दाँतमा फोहोर भएको हुँदैन तर दाँत हल्लिएको हुन्छ, त्यो भनेको दाँतसँग सम्बन्धित अंगहरु जस्तो हड्डी, गिजाका कारण पनि यस्तो समस्याहरु देखा पर्न सक्छन्। दाँतमा सामान्य किरा लाग्यो भने त्यसलाई हामीले फिलिङ गरेर सफा गर्ने गर्छौं, तर धेरै समयसम्म किरा लागेको र नसासम्म छोएको अवस्थामा भने नसा नै मर्ने हुन्छ त्यस्तो अवस्थामा जरादेखि उपचार गर्नुपर्ने अवस्था आउँन सक्छ। त्योसँग सम्बन्धित हड्डी खियो भने पनि दाँतसम्बन्धी समस्या आउन सक्छ। दाँतको ब्याक्टेरिया र हड्डीको ब्याक्टेरिया उस्तै हुन्छ, शरीरमा विभिन्न रोगको समस्या भएकाहरुको सितिमिति दाँत निकाल्नु हुँदैन। जस्तै प्रेसरको विरामी, सुगरको विरामी, मुटु अनि रगतको विरामीको पनि सितिमिति दाँत निकाल्नु हुँदैन ठूलो समस्या आउन सक्छ। त्यसैले आफूलाई दाँत दुखेर सहनै नसकेको अवस्थामा जहाँ पायो त्यही गएर दाँत निकाल्नु हुँदैन यसले ठूलो समस्या निम्त्याउन सक्छ।

*० गिजा सुन्निने, रगत आउने, सिरिङ्ग सिरिङ्ग गर्ने समस्या के कारणले हुन्छ ?*

हामीले दैनिक ब्रस गरेर र कुल्ला गरेर नजाने फोहोरहरुका कारणले पनि यस्तो समस्या आउन सक्छ। हामीले ब्रस गरेर र कुल्ला गरेर नगएको दाँत र गिजाको बिचमा ढुंगा जसरी जाम भएर बसेको फोहोर हुन्छ त्यसमा थप्पिँदै गएपछि गिजाले दाँत समात्ने ठाउँ पाएन त्यस्तो अवस्थामा गिजा सुन्निने, रगत आउने, न्याउ न्याउ गर्ने र त्यसलाई बेसरी थिचेर रगत निकाल्न मन लाग्छ। यस्तो अवस्थामा भने हामीले के बुझ्नुपर्छ भने दाँत सफा गर्ने समय भएछ भन्ने बुझ्नु पर्छ। त्यसैले हामीले सामान्य रुपमा ६ महिनादेखि एक वर्षको बिचमा दाँत सफा गर्नुपर्छ त्यसले गिजा स्वस्थ हुन्छ र यस्तो समस्याहरु आउँदैनन्।

*० बेला–बेलामा दाँत सफा गर्दा दाँत कम्जोर हुन्छ भन्छन् नि ?*

यो एकदमै गलत कुरा अन्धविश्वास हो। पछिल्लो समय डेन्टल क्लिनिकहरु छ्याप्छ्याप्ती छन्, दाँतको विरामीले कुन ठाउँमा गएर आफ्नो दाँतको उपचार अथवा सफा गरिरहेको छ। त्यस ठाउँमा सफा गर्दा कसले गऱ्यो, कस्ता कस्ता मेट्रियल र सामान प्रयोग गरेको छ त्यसतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ। वास्तवमा हामीले सफा गर्ने भनेको दाँत र गिजाको बिचमा ढुंगा जसरी जाम भएका फोहोर निकाल्ने हो, त्यो लामो समय जाम भएर बसेको फोहोर निकाल्दा त्यो ठाउँमा प्वाल–प्वाल परेको हुन्छ त्यसलाई ग्याव बढेको भन्ने गर्छन्, तर त्यो होइन मान्छेको नेचुरल ग्याव नै हो। दाँत सफा गर्दा कम्जोर होइन झन मजबुत र बलियो हुन्छ।

*० बाङ्गोटिङ्गो र दाँत आउनुको कारण के होला ?*

बाङ्गोटिङ्गो दाँत आउनुको मुख्य कारण भनेको वाई बर्थ नै हो। पेटमै हुँदाखेरी दाँतको फरमेशन सुरु हुन्छ। कुन दाँत कहाँबाट आउँछ भन्ने डिरेक्सन हुन्छ, एउटा मान्छेको जस्तो दाँत अर्को मान्छेको जस्तो हुँदैन। त्यो डिसाइडेड वाई वर्थ हुन्छ। त्यसलाई पछि मिलाउने काम गर्न सकिन्छ।

० बाङ्गोटिङ्गो दाँतले शरीरलाई असर गर्छ कि गर्दैन ?

असर गर्छ। बाङ्गोटिङ्गो र सिधा दाँतमा धेरै नै फरक पर्छ। दाँत मिलेको छ भने खानेकुरा खाँदा खासै अड्कीँदैन र फोहोर पनि जम्ने कम हुन्छ भने बाङ्गोटिङ्गो दाँतमा फोहोर धेरै जम्ने भएका कारण गिजामा समस्या आउँछ र बढी किरा लाग्ने सम्भावना हुन्छ। त्यसैले बच्चामै त्यस्ता दाँत मिलाएको खण्डमा गिजाको समस्यादेखि लिएर विभिन्न समस्याबाट बच्न सकिन्छ।

*० बाङ्गोटिङ्गो दाँत कसरी मिलाइन्छ ?*

बाङ्गोटिङ्गो दाँत मिलाउने चाहिँ अर्थोडोन्टिक्समा पर्छ (तार बान्ने)। अर्थोडोन्टिसले दाँतको अवस्था हेरेर र तारले बाँधेर एक्सटर्नल फोर्स प्रयोग गरेर दाँतलाई तानतुन गरेर मिलाउने काम गर्छ। यो काम सबै दाँत आइसकेपछि गर्दा राम्रो हुन्छ।

*० दाँतको समस्या बच्चाहरुलाई बढी देखिने गरेको पाइन्छ नि ?*

दाँतको समस्या बच्चालाई मात्र होइन ठूलोलाई पनि त्यतिकै मात्रामा हुन्छ। बच्चाहरुकोमा समस्या आउनु भनेको बढी चकलेट खाने, चकलेट खाएपछि मुख कुल्ला नगर्ने र बढी समय मुखमै खानेकुराहरु राख्ने गरेका कारणले बढी आउँछ। आजकल बच्चाहरुले बढी समय मोबाइल हेरेर मुखभरी खानेकुरा राखेर बस्छन्, त्यसैले मुखको ब्याक्टेरियाले चाँडो एसिड निकाल्ने काम गर्छ, एसिडले दाँत मक्काउने काम गर्छ, त्यसपछि दाँतमा समस्या आउने त भइहाल्यो नि !

*० दाँत सफा कति समयको अवधिमा गर्दा राम्रो हुन्छ ?*

हामीले दाँतको अवस्था हेरेर त्यसको निर्क्योल गर्छौं। दाँतमा धेरै नै फोहोर छ भने ३ महिनादेखि ६ महिनाको अवधिमा हामीले बोलाइहाल्छौं। त्यसको अवस्था कस्तो छ भनेर चेकजाँच गर्ने गर्छौं र सोही अनुसार सफा गर्ने काम गर्छौं। सामान्य हिसावले भन्ने हो भने वर्षको एकपटक भएपनि दाँत अनिवार्यरुपमा सफा गर्न म सुझाव दिन्छु।

*० बुद्धि बंगरा आउँदा एकदमै पिडा हुन्छ, के कारणले यस्तो हुन्छ ?*

बुद्धि बंगरा भनेको हाम्रो शरीरमा भएको एपेन्डिक्स जस्तै हो। यो खासै काम लाग्दैन। सामान्य हिसावले हेर्ने हो भने हाम्रो मुखमा २८ वटा दाँत ठिक्क भन्ने गर्छौं तर, ठूलो मुख हुनेहरुको भने ३२ वटा दाँत अट्न सक्छ तर सानो मुख भएकाहरुको लागि त्यतिमात्राको दाँत नअट्ने भएका कारण दाँत आउन खोज्छ तर आउँदैन ठाउँ नभएपछि त्यस्ले ठेल्न खोज्छ अनि त्यसले पिडा दिन्छ। त्यस्तो अवस्थामा त्यसलाई निकालेर फाल्दा नै उपयुक्त हुन्छ।

*० सास गन्हाउने समस्या कसरी हुन्छ ?*

सास गन्हाउने कारणमध्ये दाँतमा भएको फोहोरका कारण पनि हुन्छ। दाँतमा फोहोर जमेपछि गिजामा समस्या आउने, गिजालाई थिच्दा नमिठो स्वाद आएको जस्तो हुने भनेको फोहोरकै कारण हो। त्यसैले मज्जाले सफा गऱ्यो भने त्यस्तो समस्या हुँदैन। कसैकसैको भने विभिन्न औषधीहरु प्रयोग गरेका कारण, कसैकसैको पेटको समस्या जस्ता डकार, अमिलो पानी आउने जस्ता कारणले पनि सास गन्हाउने हुन्छ।

*० दाँतको दुखाई अत्यन्तै पिडादायी हुन्छ, त्यसलाई तत्काल दुखाई न्यूनिकरण गर्ने उपाय के होला ?*

कहिलेकाहिँ खाना खाएपछि एक्कासी सहनै नसक्ने गरी दाँत दुखेको छ भने एकपटक मज्जाले ब्रस गर्ने अनि नुनपानीले कुल्ला गरेको खण्डमा पनि दुखाईमा कमी आउन सक्छ। अर्को भनेको चाहिँ जुन साइडको दाँत दुखेको हो त्यो साइडलाई थिचेर नसुत्ने, दुखेको कम हुन्छ भनेर सुन्निएको साइडलाई थिचेर सुतेको खण्डमा त्यो साइड झन बढी सुन्निने सम्भावना हुन्छ, त्यसैले अर्को साइडबाट सुत्ने, टाउकोलाई अलिकति रेज गरिदिने दुईवटा तकिया प्रयोग गरेर अलिकति उचालिदिने यसरी सुत्दा यदि पिप जमेको हो भने पनि यताउती जाँदैन। हामीले उपचार गर्दा पनि भनेका हुन्छौं यो साइडबाट नसुत्नु, यो साइडबाट नचपाउनु भनेर भनेका हुन्छौं। किनकी जुन ठाउँमा इन्फेक्सन भएको हुन्छ त्यही ठाउँमा थिच्दा झन् दुख्ने समस्या आउन सक्छ। दाँत एकदमै दुखेको अवस्थामा दुखाई काम गर्न फ्लेक्जन (पेनकिलर) खान सकिन्छ। यत्तिकै औषधी पसलमा गएर एन्टीवायोटिकको प्रयोग गर्नुहुँदैन, डाक्टरकोमा गएर सुझावअनुसारको औषधी प्रयोग गर्नुपर्ने हुन्छ।

*० दाँतै नभएकाहरुलाई अस्थाई वा फिक्स कस्तो दाँत हाल्दा राम्रो हुन्छ ?*


यसमा उमेर अनुसार भर पर्छ। २० वर्षदेखि ४० वर्षको उमेर भनेको जवानी उमेर भएका कारण त्यस्तालाई फिक्स दाँत नै हाल्दा राम्रो हुन्छ। किनकी यो उमेर समूहका मानिसहरुलाई झिक्ने राख्ने गर्दा झन्झटिला ठान्छन्। यस्ता उमेर समूहका मानिसहरुलाई दुईटा दाँतको सर्पोट लिएर फिक्स दाँत पनि राख्न सकिन्छ भने अर्को इन्प्लान्ट गर्न सकिन्छ, हड्डीभित्र स्क्रु राखेर फिक्स दाँत राख्न सकिन्छ। तर राख्ने भनेर मात्र हुँदैन, कसैकसैको हड्डी बलियो छैन, हड्डीको कन्डीसन राम्रो छैन भने त्यही अनुसार ट्रिटमेन्ट गर्नुपर्ने हुन्छ। राम्ररी इन्भेष्टिगेसन गरेर, प्लान अनुसार उपचार गर्नुपर्ने हुन्छ

*० दाँतको उपचार बढी खर्चिलो हुन्छ भनिन्छ नि ?*

समयमै सतर्कता अप्नाउने हो भने हेलचेक्र्याई नगर्ने हो भने दाँतको उपचार खासै महँगो होइन। समय–समयमा दाँतको चेकजाँच गर्ने, सफा गर्ने हो भने दाँतको धेरै नै कममा उपचार हुन्छ। तर, सानोतिनो समस्या जस्तो दाँत सिरिङ्ग गरेको खण्डमा त्यसलाई वेवास्ता गर्दै समयमा उपचार नगरेको खण्डमा पछि मगपजलब तजबथिय दजबलभ नसामै छोइसकेको अवस्था हुन्छ र उपचार विधिमा भने बढी खर्च लाग्छ। किनभने त्यसलाई ठिक पार्न तिनचार पटक नै उपचारको लागि जानुपर्ने हुन्छ। आरसीटी गर्दा क्राउन लगाउनपर्ने नै हुन्छ, त्यसरी नै खर्च बढ्ने हो।

*० दाँत सम्बन्धी समस्या कसरी हुन्छ, त्यसको उपयोगी कुराहरु र जनमासनलाई सजगता अप्नाउनु पर्ने भन्नै पर्ने कुराहरु केही छन् कि ?*

जनमासनलाई भन्नै पर्ने कुरा भनेको हामी सामानय जीवनयापनमा शरीरमा केही भइहाल्यो भने डाक्टरकोमा जान्छौं, तर दाँत दुखेको खण्डमा ठिक भइहाल्छ भन्दै नुन पानीले कुल्ला गरेर बस्छौं, त्यो भनेको प्राथमिक उपचार मात्र हो, के कारणले दुखेको छ भनेर चेकजाँच गराउनु पर्छ, दाँतमा ठूलै समस्या पनि आएको हुन सक्छ, समयमै उपचार गरेको खण्डमा कम खर्च लाग्छ र समय पनि कम लाग्छ। त्यसैले सामान्य दुखाई भएको खण्डमा पनि चाँडोभन्दा चाँडो दाँतको डाक्टरको सल्लाहअनुसार उपचार विधि अप्नाउनु नै सबैभन्दा राम्रो हुन्छ।



## सम्पादकीय

# अपराधलाई कतिञ्जेल ढाकछोप गर्ने ?

फौजदारी कसुरमा मुछिएका आरोपीहरु राजनीतिमा प्रवेश गरेर उम्मेदवार बन्ने, चुनाव जितेर सांसद हुँदै मन्त्रीसम्म बन्ने व्यथिति बढ्दो छ । गएकोप फागुन ७ गते प्रजातन्त्र दिवसको अवसर पारेर सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले तीन सय ९५ जना कैदीको सजाय माफी गरिदिएकी छन् । मन्त्रिपरिषद्को गत बिहीबार बसेको बैठकले विभिन्न अदालतबाट भएको फैसला बमोजिम लागेको कैद सजाय माफी मिनाहाका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

कैलाली क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य अरुण चौधरी कैद माफी पाउने भाग्यशाली अभियुक्तमा जन्म कैदको सजाय भोगिरहेका ओखलढुंगाका पुष्कर गौतमदेखि आगजनीमा कैद सजाय तोकिएका कैलाली क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य अरुण चौधरी, वीरबहादुर चौधरीलगायत परेका छन् ।

> **उज्जनकुमारको हत्या नै भएको ठहरसहित जन्मकैद तोकिएका गौतमले फैसलाको मसी नसुक्दै माफी पाएका छन् । यता माफी मिनाहा भएका चौधरीद्वयलाई २०६६ भदौ ३ गते ट्र्याक्टरमा आगजनी गरेको अभियोगमा अदालतबाट ६ महिना कैद र क्षतिपूर्ति भराउने फैसला भएको थियो । माफीमा कानुन र संविधानको लेपन लगाइए पनि गम्भिर अपराधमा मुछिएका व्यक्तिलाई एकपछि अर्को माफीको निर्णयले दण्डहीनताले प्रश्रय पाई राजनीति नै विकृत हुने खतरा पैदा भएको छ ।**

द्वन्द्वकालमा ओखलढुङ्गाका उज्जनकुमार श्रेष्ठको हत्यामा प्रत्यक्ष संलग्न रहेका गौतमलाई सर्वोच्च अदालतले गत माघ ९ गते मात्र जन्मकैद हुने अन्तिम ठहर गरेको थियो ।

उज्जनकुमारको हत्या नै भएको ठहरसहित जन्मकैद तोकिएका गौतमले फैसलाको मसी नसुक्दै माफी पाएका छन् । यता माफी मिनाहा भएका चौधरीद्वयलाई २०६६ भदौ ३ गते ट्र्याक्टरमा आगजनी गरेको अभियोगमा अदालतबाट ६ महिना कैद र क्षतिपूर्ति भराउने फैसला भएको थियो । माफीमा कानुन र संविधानको लेपन लगाइए पनि गम्भिर अपराधमा मुछिएका व्यक्तिलाई एकपछि अर्को माफीको निर्णयले दण्डहीनताले प्रश्रय पाई राजनीति नै विकृत हुने खतरा पैदा भएको छ ।

मधेस आन्दोलनकाक्रममा सशस्त्र प्रहरीका असइ थमन विकको हत्या अभियोगमा मुछिएका अर्का सांसद लक्ष्मी महतो कोइरी, टीकापुर हिंसा प्रकरणमा मुख्य योजनाकार किटान भएका रेशम चौधरी, करोडौं ठगीमा मुछिएका इच्छाराज तामाङहरुले पनि मुद्दामा अन्तिम ठहर भइहाले पनि भविष्यमा माफी मिनाहाको बाटोबाट उन्मुक्ति पाउने छन् ।

यस्तो तरिकाले संसदीय चुनावका बेला वम विस्फोटपछि जिउँदै इँटाभट्टामा जलाएर ज्यान मुद्दामा सजाय खेपिरहेका कांग्रेस नेता मोहम्मद अफताप आलमका लागि पनि सहज मार्ग बन्ने छ । यति मात्र नभै राहदानी दुरुपयोग र किर्ते जालसाजीमा अनुसन्धानको दायरामा ल्याइएका पूर्व उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेका लागि पनि भविष्यमा अभियोग लागिहाले पनि मुद्दा फिर्ता लिन वा सजाय भइहालेमा माफी मिनाहा गर्न गलत नजिर बसाउने गंभिर चिन्ता थपिदिएको छ । अहिलेका यी दृष्टान्तहरु त राजनीतिसँग जोडिएका प्रतिनिधि घटना मात्र हुन् ।

अपराधमा माफी मिनाहा प्रकरण कानुनी राज, विधिको शासन, मानवअधिकार र न्याय कुनै पनि दृष्टिले जायज मान्न सकिँदैन । यसले केवल अपराध र दण्डहिनतालाई नै प्रश्रय दिन्छ र आम सर्वसाधारणमा भयको वातावरण सिर्जना हुन्छ । पीडितमा आतंक सिर्जना गरी अन्यायको सन्देश प्रवाह गर्दछ ।

यस्तो विकृतिले राजनीति क्षेत्रलाई मात्र होइन कालान्तरमा राज्य व्यवस्था नै धराशायी बनाउने दिशातर्फ डोहोर्‍याउँछ । कानुन कार्यान्वयनको कुरा मात्र होइन, मलुकमा नैतिकता भन्ने चिज नै लोप हुने दिन आउन सक्छ । लोकतान्त्रिक आदर्श, मूल्य मान्यता र पद्धतिका कुरा विस्तारै स्खलित हुँदै जाने छन् । समयमै विकृतीको जरो पत्ता लगाएर समाधान खोजिएन भने भोलीका दिनमा राष्ट्रिय राजनीतिमै गम्भीर धक्का लाग्ने निश्चित छ । अन्ततः न्याय मर्ने अवस्था आउँछ ।

आयन्दा कुनै पनि बाहना वा राजनीतिक दवावमा अपराधकर्मलाई उन्मुक्ति दिइनु हुँदैन । राजनीतिसँग जोडिएका आपराधिक घटनाहरू पनि कुन प्रकृतिका हुन् भनेर ठम्याउन आवश्यक छ । हचुवाका भरमा उन्मुक्ति दिँदा राजनीतिको अपराधीकरणले बढावा पाउने छ ।

यदि अपराधीहरु बलशाली या प्रभावशाली बने भने अपराधकर्मले सामाजिकीकरणको रुप लिन पुग्छ । अपराधमा संलग्न भएका र कसूरदार ठहरिएकाहरुलाई कानुनको कठघरामा उभ्याई सजाय सुनिश्चित भए मात्र दन्डहीनताको अन्त्य भई नागरिकमा शान्ति र अमनचैनको प्रत्याभूति हुन्छ भन्ने कुराको हेक्का राख्न जरुरी छ । मुलुक हितमा सरकार र राजनीतिक दलहरुको यस कुरातर्फ बेला छँदै ध्यान जाओस् ।

# वैवाहिक जीवनमा समझदारी आवश्यक



गोपाल ढकाल
मनोविद्

फरक-फरक सोचाइ, विचार, इच्छा, आकांक्षा भएका र संस्कारमा हुर्के बढेर आएका दुई व्यक्तिहरू जब वैवाहिक जीवनमा बाँधिन आइपुग्छन्, त्यसपछि उनीहरूको जीवनमा सानातिना जटिलता, अप्ठ्यारा आउनु स्वभाविकै हो । उनीहरूलाई वैवाहिक जीवनमा समायोजन हुन शुरु शुरुमा गाह्रो हुन सक्छ । तर उनीहरू बीच राम्रो समझदारी भएमा उनीहरूलाई वैवाहिक जीवनको लामो यात्रा तय गर्न सजिलो हुन्छ । श्रीमान् श्रीमतीलाई एक रथका दुई पांग्रा मान्ने हो भने वैवाहिक यात्रामा उनीहरू बीचको समझदारी नै उनीहरूलाई सही गन्तव्यमा पुर्‍याउने सारथी बन्छ ।

हाम्रो समाजमा श्रीमान - श्रीमति बीचको झगडा, खटपटलाई परालको आगोको रुपमा लिइन्छ । यसलाई त्यति महत्व दिने गरिदैन । आगो पराल कै भए पनि सहमति र समझदारीको वर्षाले यसलाई समयमै निभाउन सकिएन भने यसले अर्कै रुप लिन नसक्ला भन्न सकिँदैन । यसले पुरै वैवाहिक जीवन जलाएर तहस, नहस पार्न सक्छ ।

हाम्रो समाज दिन प्रतिदिन जटिल बन्दै गएको छ । महिलामाथि हुने दमन तथा घरेलु हिंसाका घटनाहरु पनि बढदै गएको देखिन्छ । महिलामाथि थिचोमिचो, अन्याय भयो भन्ने जस्ता गुनासाहरू ससक्त रुपमा उठ्न थालेका छन् । महिला अधिकारका नाराहरुले नेपाली आकाश पनि गुन्जामयन हुन थालेकोछ । यस्तो अवस्थामा दम्पत्तीहरूबीच सहमतीको अभाव खड्किएमा ठूलो समस्या नआउला भन्न सकिँदैन ।

समाजमा श्रीमान् श्रीमतीबीच बढ्दै गएको खटपट, झै-झगडा तथा पारपाचुके जस्तो घटनाहरूले पनि वैवाहिक जीवनलाई सुखद बनाउन दुवै पक्ष सचेत हुनुपर्ने आवश्यकतालाई औंल्याउँछ ।

एकअर्कामा विश्वासको कमी, एकले अर्कालाई आरोप, प्रत्यारोप लगाउनु, एकअर्काप्रति वफादार नहुनु, प्रेम तथा आत्मियता साटासाट गर्न नसक्नु तथा आपसी समझदारी नहुनु सबै किसिमका पारिवारिक कलहका कारणहरू हुन् ।

प्रायजसो, महिलाहरूले आफूलाई श्रीमानले माया नगरेको, घरपरिवारलाई समय नदिएको आफ्ना आवश्यकताहरू पुरा गर्न नसकेको जस्ता आरोप र गुनासो गर्ने गर्दैछन् । आफ्नो श्रीमान अर्को महिलासँग लागेको हुन सक्ने आशंका समेत गर्छन् ।

पुरुषहरू भने आफ्नी श्रीमती शंकालू , सधैँ कचकच गर्ने, झगडिया, अल्छि, घर गरेर खान नसक्ने जस्ता आरोप लगाउँछन् । यस्ता आरोप, प्रत्यारोप, आशंका जस्ता कुराको पछाडि वास्तविकता भन्दा आपसी समझदारीको कमी नै प्रमुख कारण हुनसक्छ । यसतर्फ ध्यान पुर्‍याउनु आवश्यक छ ।

हाम्रो समाज पुरुषप्रधान समाज भएकाले कतिपय अवस्थामा महिलाप्रति हेर्ने दृष्टिकोण नै समस्याको कारण बन्न सक्छ । श्रीमतीलाई तह लगाएर राख्नुपर्छ । पोथी बासेको राम्रो होइन । घर परिवारका सबै कुरा उनीहरूसँग गर्नु हुँदैन भन्ने जस्ता कुराले महिलाहरूको भावना, चाहनामाथि चोट पुर्‍याई रहेको हुन्छ । श्रीमतीको कुनै मूल्य नदेख्ने, उसलाई तल्लोस्तरमा राखेर हेर्ने, घरधन्दामा मात्र सिमित राख्ने, कामको कुनै कदर नगर्ने जस्तो व्यवहारले महिलाहरूले आफूलाई दासीको रुपमा हेर्न थाल्छन् । यसले महिलाहरूमा आत्महिनता एवम् तनाव बढाउँछ । अर्कोतर्फ महिलाहरूमा पनि आफ्नो श्रीमानलाई पनि मुट्ठीमा राख्नुपर्छ । रोएर, कराएर, रिसाएर जसरी भए पनि आफूले भनेको गराएरै छाड्नु पर्छ भन्ने जस्ता गलत धारणा राखेको पाइन्छ । विवाह पछि महिलाहरू आफ्नो श्रीमानमाथि आफ्नो मात्र हक भएजस्तो व्यवहार गर्न थाल्छन् । सिँगो घर परिवारप्रति पुरुषको ठूलो कर्तव्य र जिम्मेवारी हुन्छ भन्ने कुरालाई बिर्सन पुग्छन् । जसले गर्दा घर परिवारका अन्य सदस्यहरूसँग मनमुटावको स्थिति आउनुका साथै यसको पारिवारिक शान्ति र संरचनामा नै असर पुर्‍याउँछ ।


महिलाहरू स्वभावले कोमल हृदय भएका हुन्छन् । सानो भन्दा सानो कुराले समेत उनीहरूको मनमा चोट पर्न सक्छ । विवाहपछि महिलाले श्रीमानको घरमा समायोजित भएर बस्नुपर्ने भएकाले विवाहपछि शुरुका दिनहरूमा आउन सक्ने समस्याहरूको निराकरणको लागि श्रीमानले नै विशेष ध्यान पुर्‍याउनुपर्छ । पुरुषहरू घरायसी काम गर्न त्यति रुचाउँदैन् । घरायसी काम गर्न नरुचाएकै कारण पनि कतिपय अवस्थामा श्रीमान् श्रीमती बीच मनमुटाव भएको पाइन्छ । पुरुषहरू सानातिना काम भन्दा कठिन र बहादुरी काम गर्न रुचाउँछन् । आफ्नो बहादुरीको प्रशंसा गरेको सुन्न मन पराउँछन् ।

आफ्नी श्रीमती शुशिल, नम्र होस्, आफूले भनेको कुरा स्वीकार गरोस् भन्ने सबै पुरुषको चाहना हुन्छ । यसको विपरीत श्रीमती रिसाहा, झगडा गर्ने, मुख मुखै लाग्ने हुँदा पुरुषको अहं तथा आत्मसम्मान माथि चोट लाग्नसक्छ । श्रीमतीले आफ्नो श्रीमानलाई इख्याउन अर्को पुरुषको बहादुरीको प्रशंसा गर्दै बढाइ, चढाइ कुरा गर्ने गरेको तथा पुरुषले पनि आफ्नी श्रीमतीलाई चिड्याउन अर्की नारीको रुप र सुन्दरताको बखान गर्ने गरेको पाइन्छ । यसो गर्नु कदापि राम्रो होइन । यस कुराले एक आपसमा शंका तथा असमझदारी बढाउने गर्छ ।

सफल दाम्पत्य जीवनको लागि यस्ता अनेकौं कुरामा ध्यान पुर्‍याउनुपर्छ । दाम्पत्य जीवनमा यौन सम्बन्धले पनि ठुलो महत्व राख्छ । दैनिक कार्य, व्यस्तता, आर्थिक समस्या, रोगव्याधी आदिका कारण घरपरिवारमा कहिलेकाहिँ भनेजस्तो नहुन सक्छ भन्ने कुरालाई दुबैले बुझ्नु जरुरी हुन्छ । साना साना गल्ती, मनमुटाव, शंका, उपशंका र असमझदारीले पनि सिँगो वैवाहिक जीवनलाई तहसनहस पार्न सक्छ भन्ने कुरामा सजक हुनुपर्छ । आगो आगो नै हो । चाहे आगो परालकै किन नहोस् ।

सबैका आ-आफ्नै कमी कमजोरीहरू गुण अवगुणहरू हुन्छन् । यस्ता कमी कमजोरी गुण, अवगुण तथा बानी व्यहोरालाई केलाएर एकले अर्कालाई दुःखी, निरास बनाउने, एकले अर्कालाई होच्याउने भन्दा प्रोत्साहन, सहयोग र सद्भावको आवश्यकता पर्छ । विवाहपछि दम्पतीले विगतलाई बिर्सिएर, आगामी जीवनका सबै आरोह अवरोहमा एक भएर आगाडि बढ्ने प्रतिज्ञा गर्नुपर्छ । जीवनका अनेकौं मोडहरू हुन्छन् । ती मोडहरूमा दुवैलाई एक अर्काको साथ चाहिन्छ । एउटा मान्छे आफैँमा कहिले पनि पूर्ण हुँदैन । उसलाई पूर्ण बनाउने काम उसको श्रीमान वा श्रीमतीले गर्नुपर्छ । युवा अवस्थामा होस बा वृद्ध अवस्थामा होस, दाम्पत्य जीवनको सुखद अनुभूतिका निम्ति एक अर्कामा समर्पण र समझदारी अति आवश्यक हुन्छ । ( मार्क नेपाल मनोसेवा केन्द्र )

# रोगको उपचार र कारण खोज्नुभन्दा पनि प्रकृतिको नियम पालना गर्ने कि ?



डी .बी. शाही
उर्जा शक्ति थेरापिस्ट

आजको बैज्ञानिक जगत उच्च दर्जाको शिक्षा हाँसिल गर्न अत्यन्त सफल मानिन्छ, देखिएको पनि छ तर यो जगत (आकाश, धर्ति, पाताल )को बारेमा लगभग जानेका, विश्लेषण गर्नमा सफल विज्ञहरु, बिश्लेषकहरु, अनुसन्धानमा लागि परेकाहरु, विचारक र मनोचिकित्सकहरु, चिकित्सकहरु, बैद्यहरु, न्युट्रेशियनहरु, डाइटिशियनहरु, ज्योतिषहरु आ-आफ्नु विधामा सफल देखिन्छन् या सफल भएको दावा गर्छन् ? वैदिक कालदेखिनै लगातार सफल उपचार गर्दै आएको आयुर्वेद पद्धति अहिले पनि आफ्नु विधिमा सफल छ तर आज दुई तीन सय बर्ष यता सयौं नयाँ विधिहरु, पद्धतिहरु आविष्कार गरिएपछि हजारौं बर्ष पुरानो विधि अब आउट डेट भै सक्यो भन्ने मानसिकताका कारण पुराना उपचार पद्धति या ओखती ओझलमा परेका छन् या पारिएका छन् र आजको मान्छे अझ नयाँ नयाँ विधिहरु आविष्कार गरेको दावी र आविष्कार गर्दैछ ? पछिल्लो समय अनलाइन मिडियाको आविष्कारले त स्वास्थ्य क्षेत्रमा तहल्का मचाएको छ र स्वास्थ्य सम्बन्धी कुनै अध्ययन, अनुसंधान नगरेका व्यक्तिहरुलाई पनि स्वास्थ्य सम्बन्धि अत्यन्त जान्ने बनाएको छ ? आफुलाई सामान्य टाउको दुख्दा या ज्वरो आँउदा के गर्ने थाहा छैन तर अर्को मान्छेलाई शल्यक्रियादेखि एलोपेथी औषधि सेवन गर्ने, होमोपेथी, आयुर्वेदिक, युनानीदेखि ज्योतिष, धामी झाँक्री, बाबा, मातालगायत आज अनेक प्रकारका थेरेपी बारे डाक्टर, बैद्य, थेरेपिस्ट, ज्योतिषलगायत धामी झाँक्रीभन्दा बढी जानेको भन्दै औषधि सेवन गर्न या फलानो विधि गर भनेर निकै जानकार भए जस्तो गरि सल्लाह दिनेहरुको घुँइचो छ ? अझ आजकल त चिकित्सक, बैद्य कहाँ जानै पर्दैन, फेसबुक, युट्युब आदि सामाजिक सञ्जाल खोल्यो कि रोग, शारिरिक कमजोरी, शारिरिक सम्बन्ध, मानसिक गडबडी, व्यापार नौकरीदेखि जन्म मृत्यको सबै लेखा जोखा डिटेलमा मनलाग्दी गरेको पाइन्छ ? अझ ग्यारेन्टी सहित फाइदा नभए पैसा फिर्ता गर्नेसम्मका विज्ञापनले टिभी र सामाजिक सञ्जालका पाना भरिएका हुन्छन् । यस्तो कुरामा सेलिब्रेटीहरु पनि पछि छैनन्, कुनै कम्पनिले अलिकति पारिश्रमिक दिएको भरमा जस्तो सुकै विज्ञापनमा यो अचुक रामवाण उपाए हो भनेर भन्न तँ छाड म छाड गरेको देखिन्छ ? घरमा पाकेको साधारण स्वाथ्यको लागि अति उत्तम दाल भात तरकारी खान लाज लाग्छ तर रेस्टुराँमा गएर मानव स्वास्थ्यको लागि हानिकारक परिकारहरु सेवन गर्न गर्व महशुस गर्ने जमात ठुलै छ ?

यस्तै यस्तै कारणहरुले आज मान्छे, मानव संरचना, भौतिक र मानसिक दुबैबारे सम्स्या कस्तो ,कुन ठाउँमा र के छ भन्ने कुरामा सतप्रतिशत जानकार छ ? तर समस्या हल या निदान गर्न सक्ने अवस्थामा छैन् ।

तत्काल या केही समयको लागि राहत या आराम गराउन मात्रै सक्छ ? जो पनि डाक्टर,जो पनि विज्ञ र रायबहादुर भैदिनाले आजको मान्छे अरुको सम्स्यामा त डाक्टर या विज्ञ हुन्छ आफू माथि आइ पर्दा र रायबहादुरहरुको सल्लाह मानेर जे भन्यो त्यही गर्दा सम्स्या समाधानको बदला झन्झन् बल्झिदै जान्छ र यो गर्दा पनि हुन्न त्यो गर्दा पनि हुन्न अनि कन्फ्युज्ड भएर आजीवन अनेक प्रकारका विभिन्न उपचार पद्धति अपनाउन बाध्य हुन्छ ?

यदि रोग भनौं या गडबडी भनौ त्यस समस्याबाट साँच्चै छुट्कारा पाउन चाहने ,मुक्त हुन चाहने नै हो भने रोग भनेर आफै मानसिक रुपमा आफैलाई कमजोर ठान्दै रोगलाई डाक्ने कार्य जारी राख्ने हो भने नभएको रोग पनि आइलाग्छ ? रोग न लागेको भए पनि, अरुलाई रोग लागेको देखेर त्यो रोगबारे सोच्न थाल्ने हो भने कुनै खानपान या रहन सहनले रोग लगाउनु पर्दैन हाम्रो फिलिङ्ग या साइक्लोजीले हाम्रो शरीरमा त्यो रसायन, मिनरल या प्रोटिनको व्यवस्थापन गर्न सक्दैन अनि त्यो समस्या मिलाउन या हल गर्न मान्छे आफू जस्तै अरु मान्छे कहाँ पुग्न बाध्य हुन्छ ? वास्तवमा यदि साँच्चै मान्छे बुद्धीमान हो भने रोग लागेर उपचार खोजी विभिन्न ठाँउमा भौंतारिनु भन्दा रोग लाग्नुको मुख्य कारण के हो अब आउने पिढीले यो कुराको शोध खोज अनुन्धान गर्न जरुरी छ ? अन्यथा नयाँ नयाँ,रोग र भाइरसहरुको उत्पत्ति हुँदै जाने छ,नयाँ नयाँ उपचार विधिको नाममा सम्पत्ति कमाएर धनाड्य बन्ने खेलहरुमा पनि वृद्धी हुँदै जाने छ ?

अब आउने पुस्ताले साँच्चै स्वच्छ समाजको चाहना, आकांक्षा र कल्पना गर्ने र त्यसबारे गहन भएर लाग्ने हो भने सर्वप्रथम उसले रोग लागे पछि त्यसको उपचार खोज्नु भन्दा पनि ल अफ नेचर (प्रकृतिको नियम) मान्न र त्यसको पालना गर्न जरुरी देखिन्छ ? अबका मिडियाहरुले पनि, यो रोग यस्तो यो रोग उस्तो भनेर मान्छेलाई उपचार गर्न डराएर बाध्य पार्ने ठाँउमा रोग भनेको हाम्रै गल्तीका कारण मानसिक या शारिरिक रुपमा मान्छेमा आइलाग्ने समस्या हो र जहाँ समस्या हुन्छ त्यहाँ त्यसको समाधान पनि हुन्छ भन्ने कुरामा मान्छेलाई मानसिक रुपमा मजबुत (Strong) बनाउने खालको प्रचारबाजी गर्न जरुरी छ ? अर्को प्रकृतिको नियम सके र भ्याएसम्म पालना गर्न जरुरी छ भन्ने कुरा मनाउन ( Convince ) आवशयक देखिन्छ ?

अब कुरा आउँछ प्रकृतिको नियम ( Law of Nature )को । प्रकृति ( Nature) नै हो जसले यो सृष्टिको रचना गर्छ र नष्ट पनि गर्छ । त्यसैले प्रकृतिको संरचना या संहारलाई प्रकृतिले सिर्जना या रचना गरेको लाखौंलाख जगत र प्राणीहरु मध्य एउटा सर्वश्रेष्ठ कहलिएको प्राणी मान्छेले आफ्नु पाराले चलाउन खोज्छ, जसको कारण त्यहाँ केही परिवर्न देखिए पनि, केही समय समस्या हल भएको जस्तो लागे पनि समस्याको निदान हुन सक्दैन ? मान्छेले आफुले निर्माण या रचना गरेका पदार्थ, बस्तु अन्य कुराको जस्ताको तस्तै समान आकार, समान वजन, समान ऊचनँइ, समान चौडाइ जतिसुकै बनाउन या निर्माण गर्न सक्छ तर प्रकृतिले सृष्टि गरेको यो ब्रह्माण्ड र यसमा जीवित प्राणीहरु एउटै आमा बाका संनतान भए पनि समय अनुसार उनिहरसको नेचर अत्यन्त फरक हुन्छ ? यो कुरामा प्रकृतिले कसरी निर्माण गर्छ मान्छे माथि होइन प्रकृतिमाथि नै निर्भर हुन्छ ? त्यसैले हामीले प्रकृतिले हामीलाई दिएको अधिकार र नियमको कसरी पालना गर्छौं या मान्छौं त्यस माथि निर्भर हुन्छ ? प्रकृतिको नियमबारे च्जयलमब द्यथचलभ द्वारा प्रकाशित र रचित रहस्य (The secrets ) भन्ने पुस्तक या त्यसमाथि बनेको डकुमेन्ट्रीमा थुप्रै प्रसिद्ध मनोबैज्ञानिक, प्रसिद्ध विचारक आदिले गरेको शोध खोज र अनुसन्धानबाट पत्ता लगाएको बेहोरा या भनाइले धेरै हदसम्म प्रकृतिको नियम र मानव जीवनमा उसले पार्ने प्रभाव या प्रकृतिको देनवारे बहुत नजिक पुग्ने राम्रो प्रयास गरेको देखिन्छ । यस्तै शंकर भगवान,शिवजी, अष्टाबक्र, लाओत्से, ऋषि च्यवनपरास, धनवनतरी, गोरखनाथ, योगी नरहरिनाथ आदिले पनि प्रकृतिको सबै नियमहर बारे र प्राकृतिक उपचार विधिबारे प्रकृति र प्रकृतिले दिएका नीति नियम, विधि र उपचारको बारेमा धेरै गहिराइमा पुग्न सकेको देखिन्छ । यो कुरालाई राम्रोसंग बुझेर नै होला चीनमा माओ त्से तुङ्गले हजारौं बर्ष पुरानो विधि मास्न हुन्न भनेर सरकारको कार्य सुचीमा जीवित राख्न लगाए भने भारतमा महात्मा गान्धीले पनि प्राकृतिक चिकित्सा मास्नु हुन्न भने सरकारको नीति भित्र राख्न लगाए जसको कारण आज संसारभरी चाइनिज चिकित्सा विधि र भारतमा प्राकृति चिकित्सा जीवित छ र पछि आउने सरकारहरुले पनि चाहिँ नचाही राख्न बाध्य छन् ? तर हाम्रा हाम्रो बारे हाम्रो इतिहास बारे,हाम्रो स्वास्थ्य बारे बिदेशीले ब्याख्या गरेको या लेखेको आधारमा त्यसैलाई अत्यन्त बैज्ञानिक र प्रगतिशिल भन्दै हजारौं हजार बर्षदेखि चल्दै आएको सफल विधिहरुलाई सामन्ती, रुढीबादी र जड भन्दै संसार भरी नम्बर एक सिंहदरबार बैद्यखानाले उत्पादन गर्ने जडिबुटीबाट बन्ने र खनिजबाट बन्ने शिलाजित जस्ता ओखती र सरकारले स्थापना गरेको जडिबुटी कारखाना पनि मरणासन्न बनाए ?

आजको मानव साँच्चै स्वस्थ जीवन जिउन चाहन्छ भने विभिन्न प्रकारका रसायन र उपचार पद्धति जथाभावी जो जसले जे भन्यो त्यही प्रकार राम्रोसंग नबुझेरै गर्नु आफ्नै स्वास्थ्य संग खेलवाड गर्ने हो भने , आफैलाई सर्वश्रेष्ठ प्राणी भन्ने यो मान्छे भन्ने प्राणी भन्दा ठुलो मुर्ख अरु कोही हुन सक्दैन् ? जुन विधि या पद्धति अपनाए पनि त्यसको सकारात्मक र नकारात्मक दुबै पक्षलाई राम्रोसंग बुझेर उपचार होस या अन्य कुनै काम विश्वस्त भएर गर्ने हो भने मात्र त्यसको रिजल्ट सही र राम्रो आउन सक्छ, अन्यथा मूर्ख बन्ने र दुख पाउने काम मात्रै हुन्छ ? मनुष्य जबसम्म आफ्नु जीवन कालमा प्राकृतिक चिकित्सा विधि र प्रकृतिको नियम पालना गर्न पहल गर्दैन तब सम्म तथाकथित रोग भनेर केमिकल द्वारा नियन्त्रण गर्ने भनेको व्यापार वृद्धि र रोग वृद्धि गर्ने काम हो भन्ने कुरा त प्रष्ट भैसकेको छ ?

मनुष्यले प्राणीलाई मार्न त सक्छ तर उसलाई जीवित बनाउन सक्ने अधिकार स्ययं मृत्युको देवता महाकाल या यमराजलाई पनि छैन ? काल स्वयं प्रकृतिको एउटा कर्मचारी मात्र हो ? सबैले प्रकृतिले अह्राएको काम गर्ने र उसले बनाएको नियम मान्नै पर्ने हुन्छ । जसले यो नियम मान्न इन्कार गर्छ उसले दुख पाएकै हुन्छ ?

# राष्ट्रपति भण्डारीको सातवर्षे कार्यकाल उपलब्धिभन्दा आलोचना धेरै



२०७२ सालको संविधान अनुसार २९ फागुन २०७४ मा दोस्रो कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित भएकी विद्यादेवी भण्डारीले ७ वर्ष राष्ट्रपतिका रूपमा व्यतीत गरिन् । राष्ट्रप्रमुखमा महिला निर्वाचित गरेको भनेर नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रशंसा पनि पायो । भण्डारी राष्ट्रपति भएपछि सरकारले महिलाकेन्द्रित केही कार्यक्रम पनि ल्यायो । लैंगिक समावेशिता, वातावरण संरक्षण, नेपाली भाषाको सम्वर्द्धन, सांस्कृतिक निरन्तरता जस्ता विषयमा राष्ट्रपति भण्डारीको विशेष योगदान रहेको जानकारहरू बताउँछन् ।

महिलाको आर्थिक, सामाजिक सशक्तीकरण र विकासमा प्रभावकारी सहभागिता सुनिश्चित गर्न भण्डारीकै पहलमा 'राष्ट्रपति महिला उत्थान कार्यक्रम' संचालनमा आएको छ । यो कार्यक्रम शिक्षा, स्वास्थ्य र सामाजिक सेवामा पहुँच बढाउन, चेलीबेटी बेचबिखन र सामाजिक कुरीति तथा लैंगिक हिंसाको अन्त्य गर्नमा केन्द्रित छ । हेलिकप्टरबाट सुत्केरीको उद्धार जस्ता कार्यक्रम भण्डारीका ७ वर्षे कार्यकालका उल्लेखनीय पक्ष हुन् ।

तर ७ वर्ष मुलुकको सर्वोच्च पद राष्ट्रपतिमा रहँदा भण्डारीले आमआलोचना पनि खेप्नुपरेको छ । राष्ट्रपति भण्डारीले खेप्नुपरेको सबैभन्दा गम्भीर आरोप हो- दलीय आस्था र मातृ पार्टीको नेतृत्वको आग्रहबाट माथि उठ्न नसक्नु । यस सन्दर्भमा देखिएको पहिलो व्यवहार थियो- राष्ट्रिय सभा सदस्य मनोनीत । २६ माघ २०७४ मा तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले कृष्णप्रसाद पौडेल, गोपालकुमार बस्नेत र चाँदनी जोशीलाई राष्ट्रिय सभा सदस्य नियुक्त गर्न सिफारिस गरेको थियो । उक्त सिफारिस राष्ट्रपति भण्डारीले दुई सातासम्म कार्यान्वयन गरिनन् ।

तर, देउवा सरकार हटेर बनेको एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले ८ फागुन २०७४ मा यी तीन पदमा युवराज खतिवडा, रामनारायण बिडारी र विमला राई पौड्यालको नाम सिफारिस गर्‍यो । जसलाई राष्ट्रपति भण्डारीले तुरुन्तै (केही घण्टामै) सदर गरिन् ।

राष्ट्रपतिमा निर्वाचित भएपछि पार्टीको सदस्यता त्याग्ने अभ्यास छ । राष्ट्रपति भण्डारीले पनि सदस्यता त्याग गरिन् । तर, कतिपय व्यवहारमा भने पार्टी नेताकै हैसियतमा सक्रियता देखाइन् ।

नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाको विवाद मत्थर पार्न उनले नेताहरूलाई सामूहिक र एक्लाएक्लै शीतलनिवासमा बोलाएर छलफल चलाएकी थिइन् । तत्कालीन नेकपामा केपी ओली एकातिर, पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल अर्कोतिर हुँदा तत्कालीन सचिवालय सदस्य वामदेव गौतमलाई शीतलनिवासमा बोलाएर उनले छलफल गरेकी थिइन् ।

त्यसबेला नेकपाको आन्तरिक विवादमा ओलीलाई साथ दिन राष्ट्रपतिले आग्रह गरेको भन्ने टिप्पणी भएपछि एमाले नेता भीम रावलले सार्वजनिक रूपमै उनको आलोचना गरेका थिए । 'नेकपाको आन्तरिक राजनीतिक समस्यामा कुनै एक पक्षलाई साथ दिँदै राष्ट्रपति सक्रिय रहनुभएको समाचार आइरहेको छ । यदि यस्तो गरिएको हो भने यो राष्ट्रपति पदको मर्यादा र गरिमाको उल्लंघन, स्थापित प्रणालीको अवज्ञा र नेकपाको संस्थागत सञ्चालनको मार्गमा अवरोध सिर्जना गर्ने गलत काम ठहरिनेछ' २० कात्तिक २०७७ मा एमाले नेता भीम रावलले ट्वीट गरेका थिए ।

रावलको ट्वीटको आसपासमा राष्ट्रपति भण्डारीले माधवकुमार नेपाल, झलनाथ खनाल, विष्णु पौडेल, वर्षमान पुन लगायत नेताहरूलाई शीतलनिवास बोलाएर छलफल गरेकी थिइन् । नेकपाको सचिवालयका सबै सदस्यलाई एकैपटक बोलाएर पनि राष्ट्रपतिले पार्टी विवादबारे छलफल गरेकी थिइन्र ।

नेताहरूका अनुसार नेकपा विवादमा ओली र प्रचण्डले पनि राष्ट्रपति भण्डारीलाई चाहेर वा नचाहेर स्पेस दिएका थिए । तत्कालीन अवस्थामा केपी ओली र प्रचण्डले सरकार र पार्टी संचालनको कार्यविभाजनमा राष्ट्रपति भण्डारीको उपस्थितिमा ४ मंसिर २०७६ मा शीतलनिवासमै सहमति गरेका थिए । त्यसअनुसार प्रचण्डले तत्कालीन नेकपामा कार्यकारी अध्यक्षको जिम्मेवारी पाएका थिए ।

नेकपामा आन्तरिक विवाद चलिरहेकै बेला ११ फागुन २०७७ मा पार्टीको नाम सम्बन्धी विवादमा सर्वोच्च अदालतले नेकपाको एकता भंग गरिदियो । त्यसपछि पनि राष्ट्रपति भण्डारीबाट ओली नेतृत्वको सरकारलाई साथ दिने क्रम उस्तै रह्यो ।

नेकपाको आन्तरिक विवादका बीच ५ पुस २०७७ मा ओलीले प्रतिनिधिसभा विघटन गरे । ओलीले पार्टी विवादका कारण आफूले काम गर्न नपाएकाले प्रतिनिधिसभा विघटन गरेको खुलेर भनिरहँदा राष्ट्रपति भण्डारीले संवैधानिक प्रावधानलाई बेवास्ता गर्दै सरकारको सिफारिस अनुसार प्रतिनिधिसभा विघटन गरिन् । २०७८ वैशाख १७ र २७ गते दुई चरणमा चुनाव गर्ने गरी मिति घोषणा गरिन् ।

प्रतिनिधिसभा विघटनलाई सर्वोच्च अदालतले बदर गरेपछि भण्डारीको आलोचना भयो । राष्ट्रपतिले असंवैधानिक कदमलाई साथ दिएको आलोचना नसेलाउँदै ओली नेतृत्वको सरकारले ७ जेठ मध्यराति फेरि प्रतिनिधिसभा विघटनको सिफारिस गर्‍यो । जसलाई राष्ट्रपति भण्डारीले मध्यरात (८ जेठको बिहान २ बजे) सदर गरेकी थिइन् । फेरि पनि २८ असार २०७८ सर्वोच्च अदालतबाट प्रतिनिधिसभा विघटन बदर भयो ।

प्रतिनिधिसभा विघटन अघि शेरबहादुर देउवाले १४९ जना सांसदको समर्थनमा प्रधानमन्त्री दाबी गरेका थिए । तर, राष्ट्रपति भण्डारीले दाबी नपुग्ने निर्णय दिएकी थिइन् ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको कदम असंवैधानिक ठहर गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गर्‍यो । अदालतको आदेश अनुसार राष्ट्रपति भण्डारीले देउवालाई प्रधानमन्त्री नियुक्त गरी शपथ गराएकी थिइन् ।

प्रतिनिधिसभा विघटन गर्नु केही घण्टा अगाडि संवैधानिक परिषदको बैठकबाट सिफारिस पत्र संसद सचिवालयलाई पठाउने र प्रतिनिधिसभा विघटन गरेर संसदीय सुनुवाइ समिति नै नभएको भनेर संसदीय सुनुवाइ विना नै ५२ जनालाई विभिन्न संवैधानिक निकायमा नियुक्ति दिलाउने सरकारको दूषित मनसायमा समेत राष्ट्रपति भण्डारीको साथ रह्यो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले संवैधानिक परिषदका ३ जना सदस्य भए पनि बैठक बस्न सक्ने र त्यस्तो अवस्थामा बहुमत (२ जना) ले पनि निर्णय गर्न सक्ने अध्यादेश जारी गरेका थिए ।

संवैधानिक परिषदका अध्यक्षसहित तीन जना भए संवैधानिक परिषदको बैठक बस्न सक्ने र त्यसले निर्णय गर्न सक्ने गरी सरकारले ३० मंसीर २०७७ मा परिषद संशोधन अध्यादेश ल्याएको थियो ।

उक्त अध्यादेश अनुसार ३० मंसिर २०७७ मा बसेको परिषद बैठकले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोगलगायत संवैधानिक निकायमा ३२ जना पदाधिकारी नियुक्तिका लागि सिफारिस गरेको थियो । त्यसबेला सिफारिसमा परेका व्यक्तिहरू संसदीय सुनुवाइ विनै नियुक्ति पाएर, राष्ट्रपतिबाट शपथ लिएर हालसम्म पदमा छन् । ओली नेतृत्वको सरकारले दोस्रो पटक २१ वैशाख २०७८ मा सोही अध्यादेश ल्यायो । दोस्रो अध्यादेश अनुसार २६ वैशाख २०७८ मा संवैधानिक परिषदको बैठक बस्यो र तीन जनाकै उपस्थितिमा लोक सेवा आयोग लगायत विभिन्न संवैधानिक निकायमा २० जना पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्‍यो ।

७ जेठ २०७८ को मध्यराति फेरि प्रतिनिधिसभा विघटन गरेका कारण दोस्रो पटक सिफारिसमा परेका व्यक्तिहरूले पनि बिना संसदीय सुनुवाइ नियुक्ति पाए । दुबै पटक राष्ट्रपति भण्डारीले संसदीय सुनुवाई नहुँदा पनि शपथ खुवाइन् । यसविरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दा बिचारधीन छ । राष्ट्रपतिका संवैधानिक अधिकार छन् । यो विषय मूलत: कार्यपालिकाको कामलाई प्रमाणित गर्नु हो । तर, राष्ट्रपतिले विधेयक र अध्यादेशमा सरकारमा को छ भन्ने हेरेर फरक व्यवहार गरेको देखियो ।

राष्ट्रपति भण्डारीले पहिलो कार्यकालमा चिकित्सा शिक्षा अध्यादेशलाई विना कारण नै लामो समय रोकेर राखिदिइन् । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले मन्त्रिपरिषद्बाट पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष ६ कात्तिक २०७४ मा सो विधेयक पठाएको थियो ।तर, राष्ट्रपति कार्यालयबाट प्रमाणीकरण वा फिर्ताको केही हप्तासम्म कुनै जानकारी पनि भएन । त्यसपछि डा. गोविन्द केसी, ओमप्रकाश शर्मा, डा. अभिषेकराज सिंहलगायतले सूचनाको निवेदन दर्ता गराएका थिए । अत्यावश्यक अध्यादेशलाई राष्ट्रपतिले रोकेको भन्दै तत्कालीन प्रधानमन्त्री देउवाले आपत्ति जनाएका थिए । सरकारले नै आपत्ति जनाएपछि राष्ट्रपति भण्डारीले २४ कात्तिकमा उक्त अध्यादेश प्रमाणीकरण गरेकी थिइन् ।

८ वैशाख २०७७ मा राजनीतिक दलसम्बन्धी अध्यादेश राष्ट्रपतिले जारी गरिन् । त्यसले तत्कालीन नेकपाको विवाद चरम उत्कर्षमा पुगेपछि त्यसको चार दिनपछि उनले नै अध्यादेश खारेज गरेकी थिइन्र । चार दिन पनि नटिक्ने अध्यादेश राष्ट्रपतिले सदर गरेको भनी आलोचना भयो । ८ वैशाख २०७७ मा संवैधानिक परिषद् सम्बन्धी अध्यादेश जारी भएपछि विशेष अधिवेशन बोलाउनुपर्ने भन्दै ८३ जना सांसदले हस्ताक्षरसहित राष्ट्रपति निवासमा निवेदन दिन खोजेका थिए । तत्कालीन नेकपा नेताद्वय भीम रावल र पम्फा भुसाल पाँच घन्टा शीतलनिवासमा कुर्दा समेत पत्र दर्ता भएन ।

नेता रावलका अनुसार राष्ट्रपति कार्यालयका सचिव हरि पौडेल राष्ट्रपतिसँग सल्लाह गरेर दर्ता नम्बर लिएर आउने भन्दै गएका थिए, पछि उनी मोबाइल नै स्वीच अफ गरेर गायब भएका थिएर । त्यसपछि उनी कार्यालयमा फिर्ता भएनन् । बरु नेकपा स्थायी कमिटीले निर्णय गरेपछि सो पत्र नै फिर्ता भयो ।

यो कार्यप्रति व्यङ्ग्य गर्दै नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले ३ फागुन २०७९ मा प्रतिनिधिसभाको बैठकमा भनेका थिए, 'यहाँ राष्ट्रपति चाहिएको होइन । रबरस्ट्याम्प राष्ट्रपति चाहिएको छ । आफ्नै घरमा लालमोहर ल्याएर राखिदिने राष्ट्रपति चाहिएको छ । आवश्यकता पर्‍यो भने सचिव पनि लुकाइदिने राष्ट्रपति चाहिएको छ ।'

राष्ट्रपति भण्डारीले ओली नेतृत्वको सरकारले ल्याएका अध्यादेश तुरुन्तै जारी गर्ने र देउवा नेतृत्वको सरकारले ल्याएका अध्यादेश प्रमाणीकरण नगर्ने कामलाई अन्तिमसम्मै कायम राखिन् । उदाहरणको लागि- ९ जेठ २०७८ मा ओली नेतृत्वको सरकारले प्रतिनिधिसभामा विचाराधीन नागरिकता विधेयकलाई बेवास्ता गर्दै नागरिकता सम्बन्धी अध्यादेश ल्याएको थियो । जसलाई राष्ट्रपति भण्डारीले तुरुन्तै जारी गरिन् । तर, उक्त अध्यादेश कार्यान्वयन नगर्न २७ जेठ २०७८ मा सर्वोच्च अदालतले आदेश दियो । तर, देउवा नेतृत्वको सरकारले ल्याएको सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित केही नेपाल ऐन संशोधन सम्बन्धी अध्यादेश राष्ट्रपति भण्डारीले जारी नै गरिनन् । ४ मंसिर २०७९ को आम चुनाव अगाडि नै आफूकहाँ आएको अध्यादेशमा राष्ट्रपति भण्डारीले कुनै प्रतिक्रिया जनाइनन् । वर्तमान सरकारले सोही अध्यादेशलाई विधेयकका रूपमा २७ माघ २०७९ मा प्रतिनिधिसभामा दर्ता गरेको छ ।

राष्ट्रपति भण्डारीले संघीय संसदको दुवै सदनबाट दुई पटकसम्म पारित भएको विधेयकमा समेत कुनै प्रतिक्रिया नजनाउने नजिर छाडेकी छन् । आलंकारिक मानिने राष्ट्रपतिले कार्यकारी र व्यवस्थापिकाको निर्णय नमान्न सक्ने र नमान्दा पनि केही नहुने नजिर बसाएर जाँदैछिन् ।

दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रिय सभा)बाट पारित भएपछि तत्कालीन सभामुख अग्नि सापकोटाले १५ साउन २०७९ मा नागरिकता विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाएका थिए । तर, २९ फागुनमा राष्ट्रपति भण्डारीले १५ बुँदे सन्देशसहित नागरिकता विधेयक संसदमै फिर्ता गरिदिइन् । फिर्ता भएको नागरिकता विधेयक दुवै सदनले पुन: पारित गरेर फेरि २० भदौमा सभामुख सापकोटाले प्रमाणीकरणका लागि पुन: राष्ट्रपतिकहाँ पठाएका थिए ।

संविधानको व्यवस्था अनुसार राष्ट्रपतिले नागरिकता विधेयक पुन: पारित भएर आएको १५ दिनभित्र (४ असोजसम्म) प्रमाणीकरण गरिसक्नुपर्ने थियो । संविधानको धारा ११३ (४) मा भनिएको छ, 'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुन: पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ ।'

तर, राष्ट्रपति भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण गरिनन् । राष्ट्रपति कार्यालय, शीतलनिवासले विधेयक किन प्रमाणीकरण नगरिएको हो भनेर पनि केही बोलेन । राष्ट्रपतिको यो कदमविरुद्ध परेको रिट सर्वोच्च अदालतमा विचाराधीन छ । नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे नागरिकता विधेयक प्रमाणीकरण नहुनुलाई जनताले तिरेको करको दुरुपयोग भन्ने टिप्पणी गर्छन् । उनी भन्छन्, 'जनताको नाममा शपथ लिएका र जनताले तिरेको करबाट पालिएका व्यक्तिले गर्नुपर्ने काम गरेनन् भने उच्च पदस्थ संवैधानिक पदाधिकारीले पदीय दायित्व कसरी निर्वाह गर्नुभएको छ भन्ने कुरा 'पब्लिक अब्जर्भेसन'को विषय हो । योभन्दा के टिप्पणी गर्नु ?'

### राष्ट्रपतिको अधिकार कति ?

भण्डारीको ७ वर्षे कार्यकाललाई हेरेर राष्ट्रपति भण्डारीको अन्तरनिहित अधिकार र विशेषाधिकारबारे नवनिर्वाचित संसदमा छलफलको माग उठेको छ । ३ फागुनको प्रतिनिधिसभा बैठकमा बोल्दै जनता समाजवादी पार्टी (जसपा)का सांसद प्रदीप यादवले दुई पटकसम्म संघीय संसदले पारित गरेर पठाउँदा समेत राष्ट्रपतिले विधेयक प्रमाणीकरण नगरिदिएको उल्लेख गर्दै भने, 'राष्ट्रपतिको भिटो अधिकारबारे संसदमा छलफल हुन जरूरी छ ।' नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल पनि राष्ट्रपतिको भूमिकाबारे प्रश्न उठेकाले आगामी दिनमा ख्याल गरिनुपर्ने बताउँछन् । 'बढी नै एउटा पार्टीको कुरा सुनेर कार्य सम्पादन गर्नुभयो भनेर विवादमा पर्नुभएको हामीले देखेकै छौं । त्यसैले त्यस्तो नदोहोरिने गरी त्यो अनुभवबाट शिक्षा लिएर नयाँ राष्ट्रपति निर्वाचित गरिनुपर्छ' ३ फागुनको प्रतिनिधिसभा बैठकपछि संसद भवन नयाँबानेश्वरमा पत्रकारहरूसित कुरा गर्दै नेता पौडेलले भनेका छन् ।

भण्डारीको ७ वर्षे कार्यकाललाई हेरेर राष्ट्रपति भण्डारीको अन्तरनिहित अधिकार र विशेषाधिकारबारे नवनिर्वाचित संसदमा छलफलको माग उठेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार जहाँ राजनीति गर्ने त्यही गरिनुपर्ने बताउँछन् । उनी भन्छन्, 'जहाँ जहाँ राजनीति गर्ने हो त्यहाँ गरौं । जहाँ जहाँ राजनीति नगर्नुपर्नेछ त्यहाँ सबै मिलौं । राष्ट्रपति सम्मानित हुनु भनेको गणतन्त्र पनि थप बलियो गरी संस्थागत हुने हो ।'


प्रथम राष्ट्रपति डा. रामवरण यादवका सञ्चार विज्ञ राजेन्द्र दाहाल नेपालको संविधानले राष्ट्रपतिले 'गल्ती गर्दैन' भन्ने परिकल्पना गरेको बताउँछन् । उनी भन्छन्, 'राष्ट्रपति जस-अपजसबाट बाहिर छ, उसले गरेका सबै काम कार्यकारीले वहन गर्छ भन्ने हो । तर, अभ्यासमा विवादित काम राष्ट्रपतिबाट भएकाले नागरिकस्तरमै राष्ट्रपतिको अधिकार क्षेत्रबारे चासो हुन थालेको छ ।' पूर्व राजदूत विजयकान्त कर्ण राष्ट्रपतिको भूमिकाको विषयमा संसदमा छलफल हुनुपर्ने बताउँछन् । उनी भन्छन्, 'दलहरूले नै राष्ट्रपतिलाई राजनीति गर्ने मौका दिए । यसमा उहाँलाई रोक्नका लागि राष्ट्रपतिको अधिकारसम्बन्धी नियम-कानुन बनाएर, संसदले पास गरेको विधेयक स्वत: कानुन बन्छ भनेर भनेको भए हुन्थ्यो ।'

राष्ट्रपतिको अधिकार सम्बन्धी कानुन नभएका कारण वर्तमान राष्ट्रपतिले 'सरकारका विभिन्न निकायलाई बोलाएर वार्ता गर्ने, सेनाका जर्नेललाई बोलाएर छलफल गर्ने, सरकारलाई थाहा नै नदिइकन विदेशी सञ्चारमाध्यमलाई अन्तर्वार्ता दिने' जस्ता कार्य गरेको उनलाई लाग्छ । उनी थप्छन्, 'यो संस्थाले नेपालमा द्वैध शासनको झल्को दिन थाल्यो । पञ्चायतकालमा दरबार र सिंहदरबारको द्वैध शासन देखिए जस्तो भयो ।'

राष्ट्रपतिले संविधानभन्दा बाहिर गएर भूमिका निर्वाह गर्न थालेकाले यसबारे संसदमा छलफल भएर अधिकार क्षेत्र र दायराबारे स्पष्ट व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल



**मेष : (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)**

सोचेको काम बन्नेछ । अरुको बिश्वास जित्न सकिनेछ, कार्य सफलता हुनेछ, दिगो आम्दानीको श्रोत जुट्नेछ, व्यापारमा फाइदा हुनेछ, आफन्तबाट टाढा हुनेछ, ठूलो अवसरको लागि दौडधुप गरे पनि फाइदा हुने देखिन्छ । शुभ अंक २, शुभ रंग निलो हो ।

**बृष : (ई,ऊ,ए,ओ,वा,वी,वु,वे,वो)**

सुरुमा काममा जिम्मेवारी बढ्नेछ । अरुको लागि समय खर्चनुपर्नेछ, शुक्रबारदेखि रोकिएका काम बन्नाले मनमा आनन्द हुनेछ, विशिष्ट व्यक्तिको भेटघाटले मन रमाउन सक्छ, आइतबारपछि अलि खर्चिलो काम गर्नुको लागि सापट लिनुपर्ने देखिन्छ । शुभ अंक १, शुभ रंग सेतो हो ।

**मिथुन : (का,की,कु,घ,ङ,छ,के,को,हा)**

प्रारम्भमा खर्च बढ्नेछ, स्वास्थयमा गडबढी छ, कुरा काट्ने सक्रिय हुनेछन्, शुक्रबारदेखि स्थितिमा सुधार आउनेछ, साथ दिनेहरु भेटिनेछन्, रोकिएको काम बन्नुका साथै नयाँ काम पनि थालनी हुनेछ, अध्ययनमा राम्रो छ, प्रेम प्रस्तावको कुरा चल्नेदेखिन्छ । शुभ अंक ३, शुभ रंग खैरो हो ।

**कर्कट : (ही,हु,हे,हो,डा,डी,डु,डे,डो)**

यात्राको अवसर जुट्नेछ, व्यापारमा प्रगती हुनेछ, आफन्तसँग भेटघाट हुनेछ, शुक्रबार, शनिबार स्वास्थय गढबढी हुनसक्नेछ, अन्त्यमा भाग्यले साथ दिनेछ, दिगो कामको थालनी हुनेछ, आँट र जाँगर बढ्नेछ, अध्ययनमा पनि सुधारोन्मुख हुने देखिन्छ । शुभ अंक ४, शुभ रंग कालो हो ।

**सिंह : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)**

काममा आम्दादी बढ्नेछ, दिगो फाइदा हुने कामको थालनी हुनेछ, लामो दुरीको यात्रा हुने देखिन्छ, भौतिक समान जुट्नेछ, मान सम्मान पाइनेछ र साताको अन्त्यमा स्वास्थ्य गडबड र काममा झमेला आउनाले मनमा अशान्ति हुने देखिन्छ । शुभ रंग १, शुभ रंग पहेँलो हो ।

**कन्या : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)**

काममा इर्श्या गर्नेहरु पैदा हुनेछन्, अध्ययनमा राम्रो प्रगति हुनेछ, शनिबारपछि आर्थिक स्थितिमा सुधार आउनेछ, आफूबाट अरुले फाइदा लिनेछन् । विदेशको यात्राको साइत जुर्नेछ, मनपर्ने साथीसँग भेटघाट रहला । अन्त्यमा स्वास्थ्यमा अली सजग रहनुहोला । शुभ अंक ८, शुभ रंग गुलावी हो ।

**तुला : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)**

घरेलु समस्याले सताउनेछ, अरुको कुरा नसुन्दा दु:ख झेल्नुपर्नेछ, आइतबारदेखि विभिन्न अवसर प्राप्त हुनेछ, आम्दानीको श्रोत खुल्नेछ, योजना बनाएर काम गर्दा गोप्य राख्नु होला । साताको अन्त्यमा व्यापार बढ्नेछ, स्वास्थ्यले पनि साथ दिने देखिन्छ । शुभ अंक ७, शुभ रंग हरियो छ ।

**बृश्चिक : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)**

कार्यमा सफलता हुनेछ, उद्योग व्यापारमा फाइदा हुनेछ, चिताएको काम मेहनतले पूरा हुनेछ । शनिबार आइतबार अनेक समस्याले सताउनेछ, अरुको संगत नगर्नु होला, अध्ययनमा प्रगती हुनेछ, सामाजिक कार्यमा मन जाने देखिन्छ । शुभ अंक ५, शुभ रंग रातो हो ।

**धनु : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)**

बोलीको प्रभावले फाइदा मिल्नेछ, अध्ययनमा प्रगति हुनेछ, वादविवादबाट टाढा रहनुहोला, खर्च बढे पनि कामले आनन्द दिलाउनेछ, यात्राको अवसर जुट्नेछ, कुरा काट्नेहरु सक्रिय हुनेछन् । साताको अन्त्यमा भने पारिवारिक असमझदारी बढ्न सक्ने देखिन्छ । शुभ अंक९, शुभ रंग सेतो हो ।

**मकर : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)**

पारिवारिक जमघटले मनमा आनन्द रहनेछ, स्वास्थ्यमा भने गडबढी देखिन्छ । लगनशिलताले ठूलो काम गर्ने मौका मिल्नेछ, श्रम बढी गर्नुपर्नेछ, मानसम्मान प्राप्त भए पनि विवाद रहनेछ, छोटो यात्राको योग छ । साताको अन्त्यमा आफन्तसँग टाढिन सकिनेछ । शुभ अंक १, शुभ रंग निलो छ ।

**कुम्भ : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)**

खर्च बढ्नाले आर्थिक संकट देखा पर्नेछ, चुनौतिको सामना गर्नुपर्नेछ, शुक्रबारदेखि स्थितिमा सुधार आउनेछ, भोजभत्तेरमा सामेल हुनुपर्नेछ, रमाइलो जमघट बढ्नेछ । बोलीको प्रभाव बढ्नेछ, मानसम्मान प्राप्त हुनेछ, व्यापारमा पनि फाइदा हुने देखिन्छ । शुभ अंक ३, शुभ रंगठ सुन्तला छ ।

**मीन : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)**

विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ, व्यापारमा फाइदा हुनेछ, दिगो काम जुट्नेछ । आम्दानीको श्रोत जुट्नेछ, नाम, दाम, इनाम प्राप्त हुनेछ, आइतबार, सोमबार भने सरसापटले धन बाहिरिन सक्छ, खर्चिलो काम हात पर्नेछ, अध्ययनमा भने राम्रो देखिन्छ । शुभ अंक ५, शुभ रंग रातो छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ / ४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ / ४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२ / ४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७ / ५२७५०८८ / ५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० / ५४१११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७ / ४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्युट | ४२५८५५२ / ४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५ / ४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८ / ४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७ / ८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७०० / ५६३९१८४ |
| हिमाल अस्पताल / एम्बुलेन्स | ४४१५०७६ / ४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८ / २४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२ / ४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४ / ६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४ / ४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४ / ४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७ / ५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६ / ६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४ / ४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४ / ४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४ / ४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१० / ४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४० / ४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२ / ४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५ / ५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७० / ५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८ / ४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५ / ४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७ / ६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४ / ४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४ / ४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३ / ४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई नि:शुल्क एम्बुलेन्स / शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५० / ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४ / ४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# नेपाली क्रिकेटरको आशा लाग्दो यात्रा




त्रिवि क्रिकेट मैदानमा मंगलबार स्कटल्याण्डविरुद्ध २१३ रनको लक्ष्य पछ्याउने क्रममा चौथो नम्बरमा मैदान छिरेका कप्तान रोहितकुमार पौडेल दबावमा थिए । यो अवस्था उनले २७० माथिको लक्ष्य पूरा गरेको अघिल्ला तीन खेलमा महशुस गरेका थिएनन् ।

सातौं ओभरमा दुई ओपनर (कुशल भुर्तेल-१ र आशिफ शेख-१२) आउट भइसकेपछि रोहित क्रिजमा पुग्दा नेपालको इनिङ्स स्कटिस बलरहरुको नियन्त्रणमा थियो । नेपाली ब्याटरहरुलाई रन बनाउन सकस भइरहेको थियो । रोहित आफैं पनि विकेटको परिस्थितिसँग अनुकुल हुन संघर्षरत थिए । उनले १० बल खेलेपछि मात्र रनको खाता खोलेका थिए ।

एउटा एण्डबाट रोहितले इनिङ्स बचाउन प्रयास गरिरहे । अर्को एण्डबाट लगातार विकेट झरिरह्यो । ज्ञानेन्द्र मल्ल (२१), कुशल मल्ल (१७), सन्दीप जोरा (१), दीपेन्द्र सिंह ऐरी (७), सोमपाल कामी (२) र सन्दीप लामिछाने (९) रनमा पेविलियन फर्किंदा नेपालले ३१.५ ओभरमा १३८ रन बनाएर ८ विकेट गुमाइसकेको थियो ।

नेपाललाई जितका लागि अझै ७५ रन आवश्यक थियो । दशौं नम्बरमा आए करण केसी । मंगलबार त्रिवि मैदानमा पुगेका १० हजार बढी समर्थकले जितको आशा मारिसकेका थिए । उनीहरु चार वर्षअघि आईसीसी क्रिकेट लिग डिभिजन टूमा क्यानडासँगको खेललाई सम्झँदै रोहित र करणबाट त्यही अपेक्षामा थिए ।

क्यानडाविरुद्धको खेलमा १९४ लक्ष्य पछ्याएको नेपाललाई जिताउन करण केसी र सन्दीप लामिछानेले अन्तिम विकेटका लागि ५१ रनको साझेदारी गरेका थिए । यही जित नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताको यात्रामा निर्णायक बनेको थियो ।

मंगलबार रोहित र करणलाई विकेट बचाएर खेल्नुमात्र होइन जित्नुपर्ने दबाव थियो । उनै रोहितको जिम्मेवार ब्याटिङले स्कटल्याण्डलाई दुई विकेटले हराएर आईसीसी क्रिकेट विश्वकप लिग टू अन्तर्गत नामिबियासमेत सहभागी त्रिकोणात्मक शृंखला नेपालले क्लिन स्वीप गर्‍यो । रोहितले कप्तानी पारी खेले । १०१ बलमा ७ चौका र ४ छक्कासहित ९५ रनमा अविजित रहे । करणले ३७ बलमा २ चौका र १ छक्कासहित ३१ रन बनाएर साथ दिए । यो जोडीले नवौं विकेटमा नेपालका लागि सर्वाधिक अविजित ७५ रनको साझेदारी गरे ।

'पाँचौं विकेट जाँदासम्म मैले दबाव लिएको थिइनँ । त्यसपछि पनि लगातार विकेट झर्ने क्रम नरोकिँदा डर लागेको थियो,' नायकी प्रदर्शनपछि रोहितले भने, 'करण दाइ (केसी) सँग केही समय साझेदारी भएपछि हामी जित्न सक्छौं भन्ने आत्मविश्वास आयो ।'

२०७६ माघ यता लिग टू अन्तर्गत ६ वटा शृंखलाको २४ खेलमा ८ खेलमात्र जितेको नेपालले सातौं शृंखलामा चारमध्ये चार जितको बेजोड लय देखाएको छ ।

बारम्बार प्रशिक्षक परिवर्तन, टिमभित्रैको खटपट र प्रमुख खेलाडी सन्दीप लामिछानेमाथिको नाबालिग बलात्कार आरोपबाट नेपाल क्रिकेटको प्रदर्शन ओरालो यात्रामा थियो । साउनमा स्कटल्याण्ड र मंसिरमा नामिबिया भ्रमणका क्रममा नेपालले जित्न बिर्सेको भान हुन थालेको थियो ।

चार वर्षअघिसम्म नेपालले एशोसिएट राष्ट्रमा एक सानदार अण्डरडगको उपमा पाउने गरेको थियो । नेपाल क्रिकेटमा 'पारस खड्का युग' समाप्तीपछिको संक्रमणकालीन समय यो शृंखलाबाट अन्त्य भएको आभास मिलेको छ । अग्रभागबाट नेपाल टिमको नेतृत्व लिएको तीन महिनामा रोहितकुमार पौडेलले पारसलाई 'बिर्साउने' इनिङ्स खेलेका छन् । पूर्वकप्तान पारस खड्काले युएईविरुद्ध पहिलो एकदिवशीय अन्तर्राष्ट्रिय जितमा शतकीय प्रदर्शनदेखि नेपालका लागि धेरै जितहरुमा यस्तै निर्णायक प्रदर्शन गरेका थिए ।

यो शृंखला प्रमुख प्रशिक्षक मोन्टी देशाईका लागि पहिलो थियो । २०७६ माघमा लिग टूको पहिलो शृंखला खेलयता नेपाल टिमको प्रशिक्षक हुने मोन्टी पाँचौं व्यक्ति हुन् । औपचारिक नियुक्ति पाउनु १० दिनअघि माघ १४ गतेदेखि नेपाल टिमको प्रशिक्षण थालेका मोन्टीको 'ह्याप्पी ड्रेसिङ रुम' अभियानले पहिलो दिनदेखि नै सकारात्मक नतिजा दिन थालेको थियो । जब नेपालले नामिबियाविरुद्ध एकदिवशीय अन्तर्राष्ट्रियमा अहिलेसम्मकै सर्वाधिक २८६ रनको लक्ष्य पूरा गरी सानदार जित निकालेको थियो ।

यो शृंखलाको चार खेलमा चार जितमा नेपालको ब्याटिङमा उल्लेख्य सुधार देखियो । बलिङतर्फ चारै खेलमा सन्दीप लामिछानेले एकरुपको प्रदर्शन दिए । फौजदारी अभियोगपछि तीन महिना पुर्पक्षका क्रममा जेल बसेर रिहा भएलगत्तै राष्ट्रिय टिममा अवसर पाएका सन्दीपले चार खेलमा कुल १३ विकेट लिए । नामिवियाविरुद्ध पहिलो खेलमै ५ विकेट लिएका करण केसीले मंगलबार स्कटल्याण्डलाई हराउन ३ विकेट लिए ।

परम्परागत समस्याका रुपमा रहेको ब्याटिङमा यसपल्ट नेपालले उल्लेख्य सुधार गरेको संकेत दिएको छ । घरेलु माहोल र विकेट परिस्थितिमा देखिएको सहज प्रदर्शनलाई विदेशी भूमिमा पनि कायम राख्नु आफ्नो प्राथमिकता रहने प्रशिक्षक मोन्टीले बताइसकेका छन् ।

यसपल्ट चार खेलमा फरक फरक खेलाडीको ब्याटिङ प्रदर्शन निर्णायक बन्यो । नामिबियाविरुद्ध कुशल भुर्तेलको शतक (११५ रन) र रोहितकुमार पौडेलको अर्धशतक (७२ रन) जितको प्रमुख आधार थियो । दोस्रो खेलमा स्कटल्याण्डलाई हराउन कुशल मल्ल (८१ रन) र दीपेन्द्रसिंह ऐरी (८५ रन) को अर्धशतकीय योगदान रह्यो ।

तेस्रो खेलमा नामिबियालाई हराउन आशिफ शेख (८१ रन) र ज्ञानेन्द्र मल्ल (६५ रन) र कुशल मल्ल (६२) रनको अर्धशतकीय योगदान निर्णायक थियो । अन्तिम खेलमा मंगलबार स्कटल्याण्डविरुद्ध रोहितले जिम्मेवारी लिए । रोहित र कुशल मल्ल चार खेलमा दुई दुई अर्धशतकीय योगदान गरे ।

लिग टूका सुरुवाती २४ खेलमा नेपालले निकै कम खेलमा मात्र २ सयभन्दा माथिको लक्ष्य पूरा गरेको छ । बलिङमा नियमित प्रदर्शन रहे पनि ब्याटिङतर्फ नेपालले अहिलेसम्म एकरुपको प्रदर्शन गर्न सकेको थिएन ।

प्रशिक्षक देशाईले आफ्नो प्रशिक्षण करिअरकै खास जितमध्येको एकका रुपमा यो शृंखलालाई अर्थ्याए । 'प्रशिक्षणको छोटो समयमा एकदमै खास उपलब्धी भन्नु उचित नहोला । तर, मैले जुन किसिमको भूमिका टिममा खेलिरहेको छु । खेलाडीले जसरी सिकिरहेका छन् र त्यसलाई प्रयोग गरिरहेका छन् त्यसका आधारमा मेरा लागि यो खास अनुभव हो,' भारतीय नागरिक देशाईले भने ।

मोन्टीले लगातारको खराब प्रदर्शनबाट खलबलिएको नेपाल टिममा एउटा बेजोड आत्मविश्वास भरेका छन् । त्यसबाहेक घरेलु माहोलले पनि नेपालको लय पुनरागमनमा सहज भएको हो । यसअघि नेपालले लिग टूको पहिलो शृंखलामात्र घरेलु भूमिमा खेलेको थियो । स्कटल्याण्डका प्रशिक्षक शेर बर्गरले पनि नेपाली खेलाडीमा सानदार आत्मविश्वास देखिएको बताए । उनले मोन्टीको पनि तारिफ गरे ।

'नेपाली टिम सुरुदेखि नै आत्मविश्वासी देखिन्थ्यो । आत्मविश्वास नै जितको सूत्र हो । उनीहरुसँग विश्वको उत्कृष्ट बलर सन्दीप छ । उसलाई कहाँनेर कसरी विकेट लिने राम्रोसँग थाहा छ । ब्याटिङमा पनि फरक खेलाडी र फरक साझेदारीले खेल जिताइरहेका छन्,' प्रशिक्षक बर्गरले भने, 'उनीहरुसँग अहिले मोन्टी आएका छन् । उनले टिममा निकै सकारात्मकता ल्याएका छन् । यो नेपालका लागि राम्रो पक्ष हो ।'

बर्गरले यही शृंखलाबाट स्कटल्याण्ड टिमको जिम्मवारी छाडेका छन् । तर, चार वर्ष लामो लिग टू शृंखलामा टिमलाई उपाधि दिलाउन बर्गरको रणनीतिको भूमिका ठूलो छ । उनले युवा खेलाडीहरुको राम्रो प्रदर्शन एसोसिएट देशहरुका लागि राम्रो पक्ष भएको बताए । स्कटल्याण्ड टिमलाई मंगलबार नै विजेता ट्रफी प्रदान गरिएको थियो ।

'स्कटल्यान्ड लिग टु को विजेता बन्न एकदमै योग्य टिम थियो । यो २०१९ देखि २०२३ सम्म मेरो टिमले गरेको मेहनतको फल हो । हामीले जुन लक्ष्य बनाएको थियौं त्यो पार गर्दै सफलता पाउनु उत्कृष्ट अनुभव हो,' उनले थपे, 'युवा खेलाडी आएका छन् टिममा यो पूरै एसोसिएसनकै लागि राम्रो पक्ष हो । स्कटल्याण्डको प्रशिक्षक जिम्मेवारीबाट बाहिरिँदै गर्दा म खुसी छु ।'

क्रिकेटमा एउटा प्रचलित भनाइ छ- कुन खेलाडीले कति स्कोर गर्‍यो भन्दा पनि कुन खेलाडीले कस्तो परिस्थितिमा कसरी खेल्यो भन्ने महत्वपूर्ण हुन्छ । नेपालका लागि फरक खेलमा फरक फरक खेलाडीले जिम्मेवारी लिएर खेले । आआफ्नो परिस्थितिमा ती सबैका योगदानको मूल्यांकन हुनुपर्छ ।

नेपालले आउने २० दिनमा लिग टू अन्तर्गत बाँकी ८ खेल खेल्नेछ । पहिलो शृंखलाको चार खेल १५-२२ फागुन युएईमा हुनेछ । जहाँ नेपालले घरेलु टोली यूएई र पपुवा न्युगिनीको सामना गर्नेछ । २७ फागुन-२ चैतसम्म यी टोलीहरुले त्रिवि मैदान कीर्तिपुरमा लिग टू कै अन्तिम शृंखला खेल्नेछ ।

२८ खेलबाट २६ अंकसहित नेपाल सात टोली सम्मिलित लिग टूमा छैटौं स्थानमै छ । तर, शीर्ष पाँचभित्र रहेर एकदिवशीय मान्यता जोगाउने नेपालको लक्ष्यमा भने पछिल्लो चार जितले धेरै सहज अवस्था बनाइदिएको छ । शृंखलामा बाँकी आठवटै खेल जिते नेपाल शीर्ष तीनभित्र रहेर सिधै एकदिवशीय विश्वकप छनोटमा पनि पुग्न सक्छ । त्यसो नभए आठमध्ये कम्तीमा पाँच खेल जितेमा नेपाल शीर्ष पाँचभित्र रहँदै एकदिवशीय मान्यता अर्को चार वर्षका लागि सुरक्षित गर्नेछ ।

घरेलु भूमिमा देखाएको आत्मविश्वासी र साहसिक प्रदर्शनलाई विदेशी परिवेशमा पनि कायम राख्नु नेपाली टिमको अहिलेको चुनौती हो । तर, मोन्टीलाई चिन्ता छैन । भन्छन्, 'हामी एकदमै उत्साहित भएर काम गरिरहेका छौं । आउँदो शृंखलाका लागि पनि हामीले काम गरिरहेका छौं । हाम्रो 'ब्लू प्रिन्ट' भनेकै योजना र तयारी हो । अगाडि के हुँदैछ भनेर चिन्ता लिनु आवश्यक छैन । वातावरण र नतिजालाई वास्ता नगरी योजना र तयारी गर्नेछौं ।'

## सन्दीपको सानदार कमब्याक, क्लीनस्वीपका हिरो

काठमाडौं । विश्वकप लिग २ अन्तर्गत नेपाल, नामिबिया र स्कटल्यान्डको त्रिदेशीय श्रृंखलाअघि कुनै खेलाडी सबैभन्दा बढी मानसिक दबाबमा थिए भने उनी सन्दीप लामिछाने नै थिए । र, समग्र प्रतियोगिताका चारवटै म्याचमा नेपालका तर्फबाट एकनाशले उत्कृष्ट प्रदर्शन कसैले गर्‍यो भने सन्दीपले नै गरे ।

सन्दीपलाई नेपालको राष्ट्रिय टीममा समावेश गर्दा केही महिलावादी अभियन्ता र मिडियाले निकै विवाद उराल्न खोजेका थिए । तर, देशको नियम-कानून र अन्तर्राष्ट्रिय अभ्याससमेतलाई ध्यान दिँदै नेपाल क्रिकेट संघले उनलाई राष्ट्रिय टीममा फर्कायो । क्यानको यही 'बोल्ड डिसिजन' नेपाललाई त्रिकोणात्मक श्रृंखलामा 'क्लीन स्वीप' दिलाउने सबैभन्दा ठूलो 'मास्टरस्ट्रोक' सावित भएको छ । यदि टीममा सन्दीप थिएनन् भने यो नतिजाको सायदै प्राप्त हुन्थ्यो ।

भनिरहनु नपर्ला, प्रतियोगिता खेल्ने क्रममा समेत सन्दीपलाई कति मानसिक प्रताडना दिन खोजियो । उनले नेपालका लागि उत्कृष्ट प्रदर्शन गरिरहँदा रिसले रन्थनिनेहरु यही देशमा थिए । उनीहरुले सन्दीपको दोहोलो काढ्न के मात्र गरेनन् ? स्कटिस खेलाडीसँग



हात नमिलाएको प्रसंगलाई आफ्नो जीत जस्तो ठानेर अतिरञ्जना एवं तोडमोड गरे । नाम चलेकै एकाध मिडियाले 'बलात्कार आरोपितले विकेट लिए' भनेरसमेत लेख्न बाँकी राखेनन् । सन्दीपको मनोबल यतिसम्म गिराइएको थियो म्याचपछि टिमका खेलाडीहरुले दर्शकहरुसँग चियरअप गर्दा उनी सबैभन्दा पछाडि बस्थे । तर, दुष्प्रचारका यावत हत्कण्डाहरुका बाबजुद सन्दीप मैदानमा भने खरो उत्रिए ।

प्रतियोगिताअघि सन्दीपको फिटनेसको चिन्ता थियो । उनको मानसिक स्थितिको चिन्ता थियो । यति ठूलो मानसिक यातना झेलिरहेको खेलाडीले मैदानमा कुन मनोबलका साथ खेल्ला भन्ने प्रश्न थियो । तर, सन्दीपले सबै प्रश्नको जवाफ आफ्नो खेलबाट दिए । उनीविरुद्ध अदालतमा मुद्दा छ । त्यसको उनले सामना गर्ने नै छन् । भोलि दोषी ठहरिएको खण्डमा कानूनबमोजिम सजाय पनि भोग्नुपर्नेछ ।

तर, अदालतको फैसला नआउँदै केही ट्वीटे अभियन्ता र मिडियाका न्यायाधीशहरुले गरेको फैसलालाई उनले पैतलामुनि कुल्चिदिए । आफ्नो सबै क्रोध मैदानमा पोखे । नामिबियाविरुद्धको पहिलो म्याचमा पहिलो विकेट लिएपछि मैदानमै सन्दीपको आँसु त्यसै खसेको थिएन ।

अदालतले दोषी ठहर नगरेसम्म कसैलाई पनि अपराधीको व्यवहार गर्नु हुँदैन भन्ने मान्यतालाई आत्मसात गर्दै क्रिकेट समर्थकहरुले पनि उनलाई बलियो साथ दिएका छन् । मैदानमा सबैभन्दा बढी हौसला समर्थकहरुबाट कसैले पाएका थिए भने सन्दीपले नै पाएका थिए ।







## ज्ञानेन्द्र ...

दिन नपुग्दै आएको हो । पूर्वराजाको सहकार्यको प्रस्तावप्रति नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले के का लागि सहकार्य भनी प्रश्न गरे । विराटनगरमा पत्रकारको प्रश्नमा उनले ज्ञानेन्द्र शाह आफै अलमलमा रहेको टिप्पणी गरे । प्रजातन्त्र दिवसमा टुँडिखेलमा आयोजित समारोहमा प्रधानमन्त्री प्रचण्डले वृहत राष्ट्रिय सहमतिको विषय उठाए । यो सहमतिमा राजसंस्थाका पक्षधरहरु पर्छन् कि पर्दैनन् ? स्पष्ट छैन । तर, प्रचण्ड नेतृत्वकै सरकारमा राजसंस्थाको पक्षधर दल राष्ट्रिय प्रजातन्त्र पार्टी चौंथो शक्तिका रुपमा रहेको छ । यही सरकारले पृथ्वी जयन्तीमा सार्वजनिक बिदा घोषणा गरी क्यालेन्डरमै राख्ने निर्णय लिइसकेको छ ।

पूर्वराजाको गतिविधिप्रति नेपाली काँग्रेस भने मौन जस्तै छ । काँग्रेस त्यही दल हो जसका नेता वीपी कोइराला राजा र मेरो घाँटी जोडिएको छ भन्थे । राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्किंदा वीपी कोइरालाले राजा र प्रजाबीचको पर्खाल भत्काउने मात्र आफ्नो उद्देश्य हो भनेका थिए । तर, त्यही काँग्रेसले गणतन्त्र घोषणा गर्ने संसदमा नेतृत्वकारी भूमिका निभाएको इतिहास साक्षी छ । समय बदलिइसकेको छ । राजसंस्थाको अन्त भएको १६ वर्ष भइसकेको छ । तर, पूर्वराजा ज्ञानेन्द्र शाह आफूले गद्दी छाड्दा समेत संयमता नगुमाएको र देश नछाडेको यसपटक वक्तव्यमार्फत् भने । यसबाट पनि उनले राजसंस्था फर्काउन पुनः सक्रिय भइसकेको सन्देश प्रवाह गरिरहेका छन् । यसका लागि पनि उनले राजनीतिक दलहरुकै साथ खोजिरहेका छन् । विगतमा राजनीतिक दलहरुलाई पन्छाएर सत्ता हातमा लिएका पूर्वराजा ज्ञानेन्द्र शाहले देशको सार्वभौमिकताका लागि भन्दै सहकार्यको प्रस्ताव गर्दा प्रजातन्त्रमा दलहरुको अपरिहार्यतालाई स्पष्ट उल्लेख गरेका छन् । जसमा चेतावनीभन्दा आग्रह, अनुरोध र संयमता पनि देखिन्छ । तर, बागमतीमा पानी धेरै बगिसकेकाले दलहरु भरपूर शक्तिको अभ्यास गरिरहेकाले पूर्वराजालाई अहिले नै महत्वपूर्ण शक्तिको रुपमा स्वीकार्न तयार देखिदैनन् ।

**के छ पूर्वराजाको वक्तव्यमा**

पूर्वराजा ज्ञानेन्द्र शाहले राजनीतिक दलहरु र राजसंस्थाबीच सहकार्यको प्रस्ताव गरेका छन् । उनले सहकार्यका लागि कुनै बिलम्ब गर्न नहुनेमा समेत जोड दिए । पूर्वराजा शाहले भनेका छन्, अब यो देश जोगाउन प्रजातन्त्रका लागि अपरिहार्य राजनीतिक दलहरु र लामो समय देशभक्तिपूर्ण ऐतिहासिक विरासत बोकेको राजसंस्था आएर आपसी विश्वासका साथ सहकार्यको लागि विलम्ब गर्नु हुँदैन । उनले देश निरन्तर अधोगति तिर गइरहेकोले आफू मौन बस्न नसक्ने समेत बताए । आफूले अत्यन्तै प्रतिकुल समयमा पनि संयमता र देशभक्ति नगुमाएको बताए । उनले सन्देशमा भनेका छन्, शोकाकूल अवस्थाको अत्यन्तै प्रतिकुल पलहरुमा पनि हामीले संयमता र देशभक्ति गुमाएनौं र देश छोडेर पनि गएनौं ।

शाहले राज्यसत्ताको बागडोर जसको हातमा दोहोरिदै तेहरिदै आएपनि जनताका लागि गहन योगदान दिन नसकेको उल्लेख गरेका छन् । राजनीतिक दलका नेताहरु देश र जनता भन्दा दलगत, पारिवारिक र व्यक्तिगत लोभ र लालचको जन्जालमा फसेको पूर्वराजाको आरोप छ । नेपालको सार्वभौमिक परिचयमा नै आँच आउने गरी अपरिपक्व परराष्ट्र नीतिको अभ्यास भएको भन्दै आफू गम्भीर भएको सन्देशमा भनेका छन् । राजसंस्थाको अन्त भएपछि पूर्वराजा शाहले बेला बेलामा सन्देशसहित विज्ञप्ति जारी गर्ने गरेका छन् । यसपटक भने उनको विज्ञप्तिमा राजसंस्था फर्किने गरी आफू सक्रिय हुने सन्देश दिइएको छ । फरवरी १३ मा पूर्वराजा शाह पहिलोपटक राजनीतिक मञ्चमा देखिएका थिए । यसले नेपालको राजनीतिक वृत्तमा तरंग नै ल्याएको छ ।

## राष्ट्रपति पद ...

चार्तुयताका रुपमा बुझ्न सकिन्छ ।

यही मौकामा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर पनि दाबेदार देखिएर आइसके । उनले मङ्गलबार आफ्नो दलका नेताहरुसहित प्रचण्डलाई बालुवाटारमा भेटी आफूलाई राष्ट्रपतिमा समर्थन गर्न आग्रह गरे । ठाकुर आकांक्षी बनेर आउनुले राष्ट्रपतिको दौडलाई रोचक मात्र बनाएको छैन दाबेदार दलहरुबीच रस्साकस्सी बढेको छ । राष्ट्रपतिका लागि प्रतिष्पर्धा त एउटा घटनाक्रम मात्र हो । यसले भविष्यमा हुनसक्ने राजनीतिक अस्थिरताको तस्बिर देखाएको छ । देशमा राजनीतिक छलछाम मात्र नभई षड्यन्त्रका घटनाहरु धेरै हुने संकेतहरु देखापर्दै गएका छन् ।

प्रधानमन्त्री समेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपाललाई कुनै हालतमा राष्ट्रपति नदिने अडान लिएका छन् । यसलाई बुझेर एमाले अध्यक्ष केपी शर्मा ओलीले नयाँ रणनीति चालेका छन् । ओलीले सोमबार साँझ नेकपा एसका अध्यक्ष माधवकुमार नेपाललाई भेटी राष्ट्रपतिको प्रस्ताव गरेका छन् । दुई पार्टी एकताको शर्तसहित उनले प्रस्ताव राखेपछि राजनीतिक तरंगित भएको छ ।

प्रचण्डले राष्ट्रपतिमा नेपाली काँग्रेसका उम्मेदवारलाई साथ दिने वचन दिइसकेका छन् । काँग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले आफ्नो दलको उम्मेदवारलाई प्रचण्ड नेतृत्वको माओवादीले साथ दिने सहमति भइसकेको बताएका छन् । प्रचण्डले सोमबार साँझ पार्टी बैठक राखी राष्ट्रपतिमा कस्लाई समर्थन गर्नेबारे अधिकारको निर्णय आफूलाई हुने गरी निर्णय गराइसकेका छन् । माओवादी प्रवक्ता कृष्णबहादुर महराले कस्लाई राष्ट्रपतिमा समर्थन गर्नेबारे निर्णय अधिकार प्रचण्डलाई दिइएको बताए । उनले परिस्थिति फरक भइसकेकाले अवस्था हेरेर अन्तिम निर्णय हुने समेत बताए ।

राष्ट्रपतिको दौडमा को को

राष्ट्रपतिको निर्वाचन नजिकिदै गर्दा प्रभावशाली नेतादेखि स्वतन्त्र भनिएका व्यक्तिहरु पनि आकांक्षी बन्दै सक्रिय भएका छन् । उनीहरु आन्तरिक भेटमा सक्रिय छन् । राष्ट्रपतिको आकांक्षीमा नेपाली काँग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला छन् । एक पक्षले सभापति शेरबहादुर देउवालाई पनि बढाउन खोजेको छ । तर, पौडेल सबैभन्दा बलिया उम्मेदवारका रुपमा देखिएका छन् । सिटौलानिकट एक नेताले बताए अनुसार देउवा उनैलाई अगाडि सार्न चाहन्छन् ।

एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र उपाध्यक्ष सुभाषचन्द्र नेम्वाङ आकांक्षी छन् । उनीहरु जीत सुनिश्चित हुने अवस्थामा मात्र उम्मेदवार बन्ने बुझिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले काँग्रेस उम्मेदवारलाई रोक्न माधवकुमार नेपाललाई बढाउन खोजेका छन् । उनले नेता नेपालसँग सोमबार साँझ भेट गरिसकेका छन् । एसका नेता सोमप्रसाद पाण्डेले सहमतिको प्रयासस्वरुप छलफल बढिरहेको जानकारी गराए ।

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर पनि आकांक्षी देखिएका छन् । उनले प्रधानमन्त्री प्रचण्डलाई भेटी राष्ट्रपतिमा आफ्नो नाममा राष्ट्रिय सहमति गर्न आग्रह गरेका छन् । लोसपाका नेता राजीव झाले ठाकुरको नाममा सहमति हुने सम्भावना बलियो रहेको बताए । उनले भने, ठाकुरजीले काँग्रेसमा लामो समय राजनीतिक गरेर त्याग समेत गर्नुभएकाले उहाँकै नाममा राष्ट्रिय सहमति बन्न सक्छ । राष्ट्रपतिको दौडमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई पनि छन् । तर, उनको नाममा सहमति बनिहाल्ने स्थिति देखिएको छैन । राजनीतिक दल बाहिरका पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मी, प्राध्यापक लोकराज बराल, कानून व्यवसायी शम्भु थापालगायत पनि आकांक्षी छन् । रेग्मीले विगतमा चुनावी सरकारको नेतृत्व समेत सम्हाली सकेका छन् ।

## नेपाली सेना ...

भारतीय सेनाले अस्पताल खोलेर टर्की र सिरियामा धेरैलाई उपचार गरेका छन् । टर्कीसँग राजनीतिक मुद्दामा बेमेल भए पनि भूकम्पमा भारतले राम्रो प्रभाव पारेको छ । त्यही भारतकै नजिक भएर टर्कीसँग सुमधुर सम्बन्ध भएको नेपालले यस्तै फिल्ड अस्पताल खोलेर नेपाली सेनालाई सेवा गराउन केले रोक्यो ? नेपाली सेनासँग पर्याप्त डाक्टर र नर्स थिएनन् भने सहयोग गर्न तयार निजी क्षेत्रका डाक्टरहरु थिए, नर्सहरु थिए । त्यो सबैलाई सेनाले नेतृत्व गर्न किन सकेन ?

सिरियामा संयुक्त राष्ट्रसंघको यूएनडीओएफमा ४१६ सैनिक खटिएको तथ्यांक नेपाली सेनाकै छ । त्यही सिरियामा गएको भूकम्पको राहत र उद्धारमा नेपाली सेनाको आफ्नै अगुवाइमा कुनै टोली गएन । प्रधानसेनापतिज्यू, नेपाली सेनाले संयुक्त राष्ट्रसंघको व्यानरमा भन्दा पर गएर विश्वमा राहत र उद्धारमा पुग्ने दक्षता गुमाएको हो ?

नेपाल र टर्कीको सीधा हवाई सेवासमेत छ । नेपालले दिएका केही टन राहत सामग्री पाउँदा टर्कीका राजदूतले नेपाली भाषामै धन्यवाद ज्ञापन गरेका थिए । टर्कीमा नेपाली सेना पुगेर स्थलगत सहयोग गरेको भए राजदूतले मात्रै होइन सिंगो समुदायले धन्यवाद भन्ने थियो । यतिका सेवाका अवसरहरु हुँदाहुँदै नेपाली सेना सहयोग गर्न टर्की पुग्न सकेन । नेपालभन्दा जनसंख्यामा सानो देश अजरबैजान टर्कीको भूकम्पपछिको उद्धारमा पुग्ने अग्रपंक्तिका देशहरुमाध्ये एक बन्यो । ३२ वर्ष अगाडि मात्रै स्वतन्त्रता पाएको अजरबैजानको सेनाले उद्धारमा नेतृत्व लियो ।

नेपाली सेनाले शिवरात्रीका दिन २६०औं स्थापना दिवस मनाएको छ । प्रधानसेनापतिज्यू, २६० वर्ष पुरानो सार्वभौम देशको सेनाले ३२ वर्ष पुरानो सार्वभौम सेना जतिको पनि सैन्य कूटनीति गर्न किन सकेन ?

नेपाली सेनाको इतिहास गौरवमय छ । भरभरको सहयोगमा नेपाली सेना अब्बल छ । गोर्खा फौज भएर विभिन्न देशका सेनाको मेरुदण्ड भएका नेपाली अनुहारहरुले आफ्नो राष्ट्रिय सेनाबाट समेत धेरै सुन्दर सहयोगहरु गरेका छन् । १९औं शताब्दीमा सन् १८५७ मा लखनउमा भएको सिपाही विद्रोहमा अंग्रेजलाई समस्या हुँदा नेपाली सेनाले नै सहयोग गरेको थियो । प्रधानमन्त्री जंगबहादुर राणा आफैंले सैन्य टुकडीको नेतृत्व लिएर सहयोग गरेका थिए । २०औं शताब्दीमा भएको पहिलो विश्वयुद्धको समयमा नेपाली सेनाले भारतमा रहेका अंग्रेजको सीमा रक्षामा सहयोग गरेको थियो । सहयोगमा प्रधानमन्त्री चन्द्रशमशेरको निजी टुकडीका सदस्यहरुसमेत समावेश थिए । नेपालका १६ हजार ५४४ सैनिकले बेलायत अधिनस्थ भारतका उत्तर पश्चिम क्षेत्रको सीमा सुरक्षा गरेका थिए ।

भारत स्वतन्त्र हुँदाको नेपाली सेनाको सहयोग झनै ऐतिहासिक छ । भारतमा फैलिएको दंगा नियन्त्रण र हैदरावादलाई भारतमा गाभ्न नेपाली सेनाले सक्रिय सहयोग गरेको थियो । तत्कालीन प्रधानमन्त्री मोहनशमशेर पुत्र शारदाशमशेरकै नेतृत्वमा भारत गएर सहयोग गरेको थियो नेपाली सेनाले । सन् १९४९ मार्चमा आठ महिना भारतमा सफल मिसन सकाएर नेपाली सेनाको टोली स्वदेश फर्किएको थियो । यसरी बेलायती अधिनको भारतदेखि स्वतन्त्र भारतसम्मलाई सहयोग गरेको इतिहास छ नेपाली सेनाको । प्रधानसेनापति ज्यू, राणा युगमा विश्व शक्तिलाई समस्या पर्दा सहयोग गर्ने नेपाली सेना 'रिपब्लिक' युगमा टर्की र सिरियामा सहयोग गर्न नसक्ने अवस्थामा कसरी पुग्यो ?

नेपाली सेनाले बौद्धिक क्षेत्रको दर्पण मानिने रिसर्च जर्नल प्रकाशन गरेको छ । हालसालै 'युनिटी जर्नल'को चौथो संस्करण आएको छ । सेनाले अक्षरमा बौद्धिक काम थालेको छ । २०० थरका जवानहरु सहभागी हुनु सेनाको समावेशिताको नमुना हो । प्रधानसेनापतिज्यू, सेनाले थालेको बौद्धिक ग्रन्थ प्रकाशन र समावेशिताको अभ्यासकै स्तरको नीतिलाई विस्तार गरेर टर्की र सिरियामा उद्धारमा जान केले छेक्यो ?

काठमाडौंमा नेपाली सेनाबाट धेरै असन्तुष्ट छन् । जनताको मैदान टुँडिखेल सेनाले मुकाम बनाएर हड्पेको उनीहरु ठान्छन् । शिवरात्रीमा पड्कने गोलाबारुदले तर्सिएका जङ्गी अड्डा आसपासका स्थानीय सेनासँग खुशी छैनन् । धेरैले नेपाल जस्तो गरिब देशमा सेनाको संख्या अनावश्यक रुपमा धेरै भएको भनेर आलोचना गर्दै आएका छन् । टर्कीले 'शताब्दीको विपत्त' भनेर व्याख्या गरेको भूकम्पमा नेपाली सेनाले 'बुद्धको जन्मभूमिबाट सहयोग' भन्ने अर्थ आउने ब्यानरमा उद्धार र सहयोग गरेको थियो भने काठमाडौंवासीले सेनाले टुँडिखेल कब्जा गरेको बिर्सिन्थे, दिल कब्जा गरेको सम्झन्थे । शिवरात्रीमा पड्कने गोलाबारुद बिर्सन्थे । सेनाले सार्वजनिक गरेका सामाजिक सञ्जालमा मानवीय सहायताका प्रिय दृश्यहरुमात्रै सम्झन्थे । प्रधानसेनापति ज्यू, सेना र सर्वसाधारण दुवैलाई खुशी बनाउने यस्तो कदम चाल्न लाख हाराहारी संख्याको शक्तिलाई केले अघि बढ्न दिएन ?

नेपाली सेनालाई व्यापारमा लागेको गुनासो जनताको छ । ठेक्कापट्टामा लागेको आरोप छ । 'जता पैसा, उता सेना' भन्ने आरोप छ । विश्व शान्तिमा खट्दा पनि पैसा पाइन्छ । टर्की र सिरियाको भूकम्पमा मानवीय सहयोग गर्दा पैसा आउँदैन, उल्टै खर्च हुन्छ । नेपालमा विपत सामना गरेको अनुभव लिएर सेनाले अन्य देशमा आएका यस्तै विपतमा सहयोग गर्दा पनि पैसा आउँदैन । पैसाले नकिन्ने कुराहरु भने धेरै आउँछ । नेपालको नाम आउँछ, नेपाली झण्डा आउँछ । नेपालको इज्जत आउँछ, माया आउँछ र धन्यवाद आउँछ । यी सबै प्रिय कुरा आउनेमा दशगजापारि पुगेर सेनाले ध्यान दिएको देखिन्न । प्रधानसेनापतिज्यू, पैसा आउने शान्ति मिसनमा सहभागी नेपाली सेना पैसा नआउने मानवीय मिसनमा किन गयल छ ?

## सत्ता राजनीति...

पार्टी एकताको शर्तसहित उनले प्रस्ताव राखेपछि राजनीतिक तरंगित भएको छ । पूर्व प्रधानमन्त्री नेपालले एमालेबाट अलग भएर नेकपा एस गठन गरेका थिए । उक्त दल नेपाली काँग्रेससहितको विपक्षी गठनबन्धनमा छ ।

## कैद मिनाहाले ...

निकट यस्ता १४ जनालाई अपराधबाट उन्मुक्ति दिइएको छ । कतिपयलाई आर्थिक चलखेलका आधारमा उन्मुक्ति दिइएको स्रोत बताउँछ । यसले कानून शासनमाथि नै प्रश्न उठेको छ ।

अर्कोतर्फ उपचार खर्चका नाममा पैसा बाड्ने प्रवृत्ति पनि फेरि सुरु भएको छ । उनले पार्टीका नेता बिसेन्द्र पासवानलाई हालै तीन लाख आर्थिक सहयोग दिएका छन् । विपन्नहरुलाई दिने कोषबाट यसरी नेतालाई उनले पैसा बाँडेका हुन् । अरु सयौं नेता-कार्यकर्तालाई पैसा बाड्ने तयारी भइरहेको स्रोत बताउँछ । यो आर्थिक वर्षको ६ महिनासम्म ६ करोड रुपैयाँ वितरण भइसकेको छ । त्यसमध्ये धेरै शेरबहादुर देउवा सरकारले बाँडेको थियो । गरिब जनता उपचार खर्च नपाएर मरिरहेका बेला पार्टीका नेता कार्यकर्ताले भने यसरी आर्थिक सहायता लिने गरेका छन् । जसले गर्दा सरकारको चर्को आलोचना भइरहेको छ ।

तेस्रोपटक प्रधानमन्त्री बनेका प्रचण्डले यस्ता कुरामा सुधार ल्याएको भए उनले भन्ने गरेको 'राम्रो काम' जनताले देख्ने थिए । तर, मुखले एउटा बोल्ने व्यवहारले अर्को गर्दा उनीप्रति पनि अविश्वास बढ्दो छ । विगतका सरकारले गरेका नराम्रो कामलाई निरन्तरता दिनुको साटो, केही सुधार गरेर अगाडि बढेको भए प्रचण्डले भनेजस्तै केही राम्रो कामको सुरुवात हुने थियो ।

## अबैध यौन...

सकिरहेका छौं ।' यी दुई गेष्ट हाउसका मालिकको भनाईले नै प्रष्ट हुन्छ उपत्यकामा यौन अखडा फस्टाउन प्रहरीले पनि साथ दिइरहेको छ ।

काठमाडौं उपत्यकाको विशेष गरी गंगबु, गौशाला, सिनामंगल, कोटेश्वर, रत्नपार्क, सुन्धारा, बागबजार, ठमेल, कलंकी, बल्खु र ललितपुरको सातदोबाटो, ग्वार्को, बालकुमारीका साथै भक्तपुरको कटुञ्जे, सल्लाघारी, ठिमी, नलिनचोकका अधिकांश गेष्टहाउसहरु यौन अखडाको हबको रुपमा देखिएको छ ।

अझ जो कसैले प्रत्यक्षरुपमा खुल्ला आकाशमुनि देख्न सक्छन् रत्नपार्कको आकासे पुल, बालाजु बसपार्कको पेटी, तिलगंगाको पुलको पेटी, सिनामंगलको केएमसी हस्पिटल वरीपरी रहेको यौनकर्मीले ग्राहकगँग गरेको वार्तालाप र मोलमोलाई गरिरहेको पाइन्छ । जानकारहरुका अनुसार काठमाडौं उपत्यकामा मात्र करिब २० हजार अवैध यौनकर्मीहरु प्रत्यक्षरुपमा यौनजन्य गतिविधिमा संलग्न रहँदै आएको बताउँछन् ।

उपत्यकामा अवैधरुपमा संचालन हुँदै आएको यौनजन्य गतिविधिको बारेमा प्रत्यक्ष रिर्पोटिङका क्रममा तिलगंगास्थित एक गेष्ट हाउसमा जाँदा त्यहाँ झण्डै एक दर्जन यौनकर्मी महिलाहरु देखियो । जब हाम्रा प्रतिनिधि गेष्टहाउसभित्र प्रवेश गरे, त्यहाँका एक कर्मचारी भन्दै थिए, तपाईंका पालो १५ मिनेटपछि आउँछ, त्यहाँ आराम गर्नुस् भन्दै नजिकको सोफा देखाउँदै कुन मदिरा पिउनुहुन्छ भनिरहेका थिए ।

यो त एउटा गेष्टहाउसको उदाहरण मात्रै हो । उपत्यकामा यस्तो सयौं गेष्टहाउस कोठीको रुपमा यसरी नै संचालित छन् ।

## सात महिनामा ...

मात्रै ३९ हजार १२४ जना युवा वैदेशिक रोजगारीमा नयाँ श्रम स्वीकृति लिएर गाएका छन् । यो अवधिमा १ लाख ६७ हजार ७०८ पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि विदेश उडेको वैदेशिक रोजगार विभागको तथ्यांकमा देखिन्छ ।

माघ महिनामा २५ हजारभन्दा धेरै युवाले श्रम स्वीकृति नवीकरण गरेका छन् । यसमा भिजिट भिसामार्फत अवैध रुपमा विदेश जाने र भारतीय बाटो भएर वैदेशिक रोजगारीमा जानेको संख्या सामेल छैन । यो अवधिमा मलेसियमा सबैभन्दा धेरै १ लाख ८२ हजार युवा कामका लागि पुगेको देखिन्छ ।

## राजनीतिक ...

गरेको छ । तर फेरिपनि राजनीतिक समीकरणको हिसाब गरेर मात्रै एआईजी बढुवा हुने अवस्था सिर्जना भएको छ ।

फागुन १३ गते राष्ट्रपति निर्वाचनका लागि मनोनयन दर्ता गर्ने तालिका रहेको छ । राष्ट्रपतिको मनोनयन दर्तासँगै सत्ता समीकरणमा फेरबदल आउन सक्ने भएकाले एआईजी बढुवा पछाडि धकेलिएको बुझिन आएको छ ।

मंगलबार अपरान्ह प्रहरी महानिरीक्षक धिरजप्रताप सिंह र प्रधानमन्त्री पुष्पकमल दाहालबीच भेटवार्ता भएको थियो । भेटमा एआईजी बढुवाको विषयमा पनि छलफल भएको थियो । गृह मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री प्रचण्ड केही दिनपछि मात्रै एआईजी बढुवा गर्न सहमत भएका छन् ।

मंसिरअघि नै ४ एआईजी रिक्त भएको थियो । त्यतिबेलै बढुवा गर्नु पर्ने भए पनि आईजीपी धिरजप्रताप सिंह ३० वर्षे सेवा अवधीको नियम हटाएर आफैंलाई निरन्तरता दिने प्रयासमा लागे । उनको ध्यान एआईजी बढुवामा भन्दा ३० वर्षमा केन्द्रित थियो ।

तर मंसिरको निर्वाचनपछि सत्ता समीकरण नै फेरियो । एमाले र रास्वपासहितको गठबन्धन सत्तामा आएपछि यसको असर प्रहरीमा पनि देखियो । तत्काल बढुवा गर्दा आफ्नो पार्टी निकटका व्यक्ति छुट्ने भएपछि एमालेको आग्रहमा तत्कालीन गृहमन्त्री रवि लामिछानेले तत्काल बढुवा नगर्ने नीति लिए ।

बढुवा हुनु पर्ने डीआईजीहरुलाई नै उनले सरुवा गरेर प्रदेशमा पठाएका थिए । यसअघि असारमा डीआईजी बढुवा भएका उनीहरु एआईजी बन्नकै लागि काठमाडौं केन्द्रित थिए ।

वरीयताको १ देखि ६ नम्बरसम्म रहेका डीआईजीहरु सबै काठमाडौंमै थिए । डीआईजी किरण बज्राचार्य बागमती प्रदेश प्रमुख थिइन् । तर, लामिछाने गृहमन्त्री भएपछि सबै प्रदेशमा नयाँ डीआईजीहरु पठाएका थिए । पहिलो नम्बरमा भएका वसन्त कुँवर मधेश प्रदेश पुगे । टेकप्रसाद राई लुम्बिनी, अशोक सिंह सुदूरपश्चिम, दीपक थापा बागमती, श्यामलाल ज्ञवाली प्रदेश १ सरुवा भएका थिए । पछिल्लो वरीयतामा रहेका भीमप्रसाद ढकाल पनि कर्णाली प्रदेश पुगेका थिए ।

सत्ता परिवर्तनपछि उनले पनि एआईजी बढुवामा पर्न लविङ्ग गरिरहेका थिए । चैत ११ गतेदेखि आईजीपी बन्ने प्रयासमा रहेका अशोक सिंह भने जन्म मिति विवादका कारण राजीनामा दिने तयारीमा लागेका छन् । उनको जन्म मिति एक वर्ष ७ महिना अगाडि नै देखिएपछि बर्खास्तीमा पर्नुअघि नै राजीनामा दिने तयारीमा रहेका हुन् । उनले राजीनामा दिनेबारे प्रहरी महानिरीक्षकलाई जानकारी दिइसकेका छन् । अशोक सिंहले राजीनामा दिए अर्कोले एआईजी बन्ने मौका पाउने छन् ।

प्रहरी अधिकारीहरुस्वतन्त्र भनिए पनि राजनीतिक दल निकट हुन्छन् । अहिले बढुवाको तयारीमा रहेका डीआईजीहरु पनि यसबाट अछुत छैनन् । यिनै ब्याचका १७ डीआईजी छन् । जो एकसाथ बढुवा भएका थिए ।

पहिलो नम्बरमा रहेका डीआईजी वसन्त कुंवर कांग्रेस निकट हुन् । उनलाई कांग्रेस नेतृत्वको सरकारले नै वरीयतामा अगाडि ल्याएको हो । अब माओवादी र कांग्रेसको सत्ता समीकरण बने कुंवर चैत ११ गतेदेखि आईजीपी बन्ने सबैभन्दा बलियो सम्भावना छ । अशोक सिंहले बाटो खाली गर्दा उनलाई थप सहज हुने देखिएको छ । दोस्रो नम्बरमा छन्, टेकप्रसाद राई । डीआईजी राईको शक्ति अख्तियार प्रमुख प्रेम राई हुन् । अख्तियार प्रमुख राई एमाले निकट हुन् । पूर्वगृहसचिव समेत रहेका प्रेम राईकै जोडमा एसएसपी हुँदा पनि टेकप्रसाद राई दोस्रो नम्बरमा बढुवा भएका थिए ।

एसएसपीको वरीयता उथलपुथल हुँदा पनि कांग्रेस-माओवादीको सरकारले राईको वरीयता भने तलमाथि गरेन । अशोक सिंहपछिको चौथो वरियतामा छन् डीआईजी दीपक थापा । थापा प्रधानमन्त्री प्रचण्ड निकट हुन् । उनको एमालेका नेताहरुसँग पनि खास सम्बन्ध छ । तर भर्ना हुँदै अरुभन्दा पछि भएका कारण उनी अहिले नै एआईजी वरीयतामा अगाडि आउने सम्भावना कम छ । माओवादी-एमालेकै सत्ता रहे आईजीपी हुने उनको सम्भावना बलियो छ ।

यदि आगामी चैतमा आईजीपी नभए पनि अहिलेकै अवस्था रहे त्यसपछि छोटो समयका लागि उनी आईजीपी बन्ने सम्भावना छ । तर ३० वर्षे हटे उनी ३ वर्ष आईजीपी हुनेछन् । एमाले-माओवादी सत्तामा हुँदा थापालाई बढुवामा सहज हुन्छ ।

थापापछिको वरियतामा छन् डीआईजी श्यामलाल ज्ञवाली । हाल पाँचौं वरीयतामा रहेका उनी पनि एआईजीमा बढुवा हुने सम्भावना बलियो छ । ज्ञवाली एमाले निकट मानिन्छन् । उनको खास सम्बन्ध एमाले नेता एवं अर्थमन्त्री विष्णु पौडलसँग छ । तर कांग्रेस-माओवादी सरकारले पनि नछुटाएका ज्ञवालीलाई अब जुन समीकरण बने पनि एआईजी बन्ने करिब पक्का छ । तर एमाले निर्णायक हुँदा उनी अघिल्लो वरीयतामै बढुवा हुन सक्छन् ।

यही ब्याचबाट डीआईजी किरण बज्राचार्य पनि एआईजी बन्ने सम्भावना बलियो देखिएको छ । बज्राचार्य राजनीतिक रुपमा माओवादी र एमालेसँग निकट छिन् । एमालेमा ओलीको सचिवालयसम्मै पहुँच बनाएकी उनी माओवादीका पनि शीर्ष नेतासँग निकट छिन् । माओवादी नेता शशि श्रेष्ठसँग उनी झनै नजिक छन् ।

प्रहरी अधिकारीहरु यसरी दल निकट बन्दा सत्ता समीकरणको असर देखिने गर्छ । यसअघि आईजीपी बढुवामा पनि राजनीतिक रङ छताछुल्ल भएको थियो । हालका आईजीपी धिरजप्रताप सिंह कांग्रेससँग निकट थिए । तर एमाले सरकारले विश्वराज पोखरेल र सहकुल थापा मध्यबाट आईजीपी बनाउने तयारी गरेको थियो ।

एमालेले सरकारमा हुँदा आफू निकटकालाई आईजीपी बनाउने गरी बढुवा गरेको थियो । पछि सत्ता परिवर्तन भयो र कांग्रेसले नेतृत्व गऱ्यो । जतिबेला आफू निकट डीआईजी धिरजप्रअताप सिंहलाई आईजीपी बनाउनकै लागि एक महिनाअघि मात्रै एआईजीमा बढुवा गऱ्यो । पछि उनैलाई आईजीपी बनाइछाड्यो ।

डेढ वर्षपहिले एआईजी भए पनि आईजीपी नभएपछि विश्वराज पोखरेल सर्वोच्च गए । तर सर्वोच्चले पनि आईजीपी बढुवा गर्ने अधिकार सरकारको भएको व्याख्या गरिदियो र सरकारको निर्णय सदर गरिदियो । यसपछि त सरकारलाई आफू निकट प्रहरीलाई बढुवा गर्न झनै बाटो खुलेको छ ।

सरकारले चाहे यही ब्याचका डीआईजीहरु सन्दिप भण्डारी, सुदिप गिरी, मीरा चौधरी, टेकबहादुर तामाङ, उमेशराज जोशी, भीमप्रसाद ढकाल, रामदत्त जोशी, पोषराज पोखरेल, बुद्धिराज गुरुङ, दुर्गा सिंह र किरण राणा मध्येबाट पनि एआईजीमा बढुवा गर्न सक्छ ।

## नागाबाबालाई ९ हजार

काठमाडौं । पशुपतिनाथमा महाशिवरात्रीका लागि आएका भारतलगायत मुलुकका साधुसन्तको बिदाई भएको छ । पशुपति क्षेत्र विकास कोषले सोमबार उनीहरुलाई भेटी र रुद्राक्ष मालासहित सोमबार बिदाई गरेको हो । पशुपति विकास कोषका कार्यकारी निर्देश घनश्याम खतिवडाले भेटीसहित साधुसन्तलाई बिदाई गरिएको जानकारी दिए । उनीहरुमध्ये उत्कृष्ट नागा बाबाले सबैभन्दा बढी नेपाली रुपैयाँ ९ हजार दक्षिणा पाएको बताए । उनले भने, उत्कृष्टलाई ९ हजार र त्यस अनुसार हेरेर ४ देखि ७ हजार दक्षिणा दिइएको छ ।

यसवर्ष झण्डै ७ हजार साधुसन्त पशुपतिनाथमा आएको र त्यसमध्ये नागाबाबा २ हजार जति रहेको कोषले जानकारी दिएको छ । उनीहरुलाई गुठी संस्थानले सबैभन्दा बढी दक्षिणा दिने गर्छ । त्यसको ठिक आधा पशुपति विकास कोषले दिने परम्परा पाँच वर्षयता चलिआएको खतिवडाले बताए । साधुसन्तहरुले भक्तजनबाट पनि दक्षिणा पाएका छन् । उनीहरुको यसवर्ष उत्साहजनक उपस्थिति रहेको थियो । नागाबाबाले महाशिवरात्रीमा आएर फर्किदा ठण्डी पनि सँगै लिएर जाने गरेको जनविश्वास रहने गरेको छ । यसकारण पनि महाशिवरात्रीमा आउने उनीहरु निकै सम्मानित हुन्छन् ।